# अध्याय एक

## परिचय

### १.१ पृष्ठभूमि

"अविकासको अवस्थाबाट मुक्त गर्ने सन्दर्भ नै विकास हो ।" अविकास भनेको यथास्थितिमा रहने अवस्था हो । जब कुनै समाज, राष्ट्रमा वा स्वयं व्यक्ति पनि यथा अवस्थामै रहिरहन्छ भने त्यसलाई विकास भन्न सकिदैन । विकासले यथास्थितिबाट फड्कोमारी परिवर्तनलाई आत्मसाथ गर्छ। (Mydral,1962)

विकास निरन्तर चलिरहने प्रकृया हो, जसले मानिसको र समाजको सकारात्मक परिवर्तनको दिशा केन्द्रित गरेको हुन्छ । यो सर्वव्यापी र बहुआयामिक पक्ष भएकोले विकासको दायरा निकै फराकिलो छ। एकातिर मानव विकासको कुरागर्दा मानव समुदायको जीवनशैली तथा जीवन पद्दतीको स्वनिर्भर, सकारात्मक र स्वपरिचालित अवस्था नै विकास हो, जसमा मानवीय पक्ष र सामाजिक पक्ष पूर्णरुपले समेटिएको हुन्छ । भने अर्कोतिर आर्थिक विकासको कुरा गर्दा मानव जीवनमा परिवर्तित क्रयशक्ति, उत्पादन तथा सेवाक्षेत्रमा उसको हिस्सा, कुल प्रतिव्यक्ति आम्दानीको अवस्था, समुदाय वा देशको कुल गार्हस्थ उत्पादन र जी.डि.पी.को अवस्थाले नै आर्थिक विकासको अर्थ प्रस्ट्याउन खोज्नु अपूर्ण ज्ञानको प्रतिविम्व हुन सक्छ । विकासलाई कुनै एउटा व्यक्ति, समुदाय वा राष्ट्रले हासिल गरेको सैद्धान्तिक विश्लेषणलाई मात्र आधार बनाएर मूल्याङ्कन गर्न सकिदैन । नागरिक अधिकारको प्राप्ती, मनावैज्ञानिक क्षमताको अभिवृद्धि, सशक्तिकरण, सवलीकरण आदि पनि विकासका महत्वपूर्ण पक्ष हुन् । त्यसैले विकास बहुआयामिक कोणबाट चर्चा गर्न सकिने सर्वव्यापी प्रकृया हो। (Aryal, 2005)

ग्रामीण विकासको कुरा गर्दा यसको इतिहास सन् १९४५ को दोस्रो विश्वयुद्धको समाप्त पछि सन् १९५० को दशकमा आएको राजनैतिक तथा आर्थिक क्रान्तिको लहर सँगै नेपालको १०४ वर्षीय राणा शासनको अन्त्य भई प्रजातन्त्रको सुरुवात तथा आर्थिक क्रान्ति सँगै सुरु भयो । मानिसमा आएको चेतना र जागरणले सबै तह र क्षेत्रलाई समेट्यो । नेपालमा वि.सं. २००७ मा प्रजातन्त्रको स्थापना भएपश्चात ग्रामिण विकासको लागि संस्थागत प्रयास हुन थालेको पाईन्छ । यसको पहिलो सिलसिलाको रुपमा सन् १९५२ मा

सञ्चालित “त्रिभुवन ग्राम विकास कार्यक्रम” लाई लिन सकिन्छ । यो ग्रामिण विकास कार्यक्रम सञ्चालनको लागि तत्कालिन श्री ५ को सरकार र अमेरिकी सरकारविच सहयोग सम्बन्धी सम्झौता भई अमेरिकी सरकारबाट आर्थिक, तथा प्राविधिक सहयोग उपलब्ध भएको देखिन्छ । उक्त ग्रामिण विकास सम्बन्धी त्रिभुवन ग्राम विकास कार्यक्रमलाई सन् १९५९ मा भारत सरकारले पनि सहयोग गरेको देखिन्छ । यस्तै विकासको सिलसिलामा वि.सं. २०१३ (सन् १९५६/०५७) देखि योजनावद्ध विकासको थालनी प्रथम पंच वर्षिय योजनाबाट सुरु भएको पाइन्छ । वि.स. १०१७ को राजनैतिक परिवर्तन पछि स्थापित निर्दलीय पंचायती व्यवस्थाले पनि शोषण रहित समाजको विकास गर्न देशमा संस्थागत विकास, सामाजिक परिवर्तन जस्ता कार्यक्रमहरु पनि संचालन गऱ्यो । (कायस्थ, २०४३)

नेपालमा सञ्चालित विभिन्न परियोजनाहरुले लामो समय पार गरिसक्दा सम्म केही मध्यमवर्गका किसानले फाइदा लिन सके पनि आधारभूतरुपमा आम विपन्न वर्गका ग्रामिण साना किसानहरुले फाइदा लिन सकेनन । जसले गर्दा धनी र गरिब बीचको खाडल झन झन बढ्दै गयो । यो गरिबीको समस्या नेपाल मात्र नभएर संसारकै साझा समस्या थियो । विश्वमा निरपेक्ष गरिबीको रेखामुनि रहेका आम ग्रामीण गरिव किसान तथा मजदुरहरुको संख्या करिव ५५ करोड भन्दा बढी नै थिए । (SFDP, 1986 )

SFDP को रिपोर्ट अनुसार संसार भरका यी गरीब किसान मजदुर हरुमध्ये करिब तीन चौथाई गरिबहरु मध्यएसियामै थिए । यो डलरलाग्दो अवस्थाले केही समाजशास्त्री/मानवशास्त्री तथा सामाजिक योजनाकारहरुलाई ग्रामीण भेगका गरिब किसानहरुको उत्थानको लागि केहि नयाँ तरिकाले सोच्ने र योजना निर्माण गर्ने तर्फ सचेत बनायो । किसानहरुको आर्थिक दक्षता बढाउनको लागि कुल राष्ट्रिय उत्पादनमा वृद्धि गर्नुपर्छ भन्ने मान्यताको विकास भयो । जसको लागि ग्रामिण किसानहरुलाई सामुहिक रुपमा सहभागी गराउन प्रभावकारी संयन्त्रको विकास गर्ने खोज गरेको पाईन्छ । त्यसै अनुसार सन् १९७३-१९७६ को अवधिमा FAO/UNDP को regional project "Asian Survey an Agrarian Reform and Rural Development- (ASARRD)" ले यो समस्यालाई अत्मसाथ गरी बंगलादेश, भारत, नेपाल, श्रीलंका, लगाएतका देशहरुमा

कार्यशाला आयोजना गरेको पाईन्छ । उक्त कार्यशालाले दिएको सुझावहरु यस प्रकार रहेका छन् ।

(क) ग्रामिण भेगका निम्न वर्गीय साना किसाहरुलाई फाइदा पुग्ने प्रकृतिका चालु कार्यक्रमहरुलाई विशेष क्षेत्रमा एकिकृत गर्न प्रस्ताव पेश गर्ने ।

(ख) किसानहरुको आय आर्जन बढाउने प्रकृतिका कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम छनौट गर्न सुझाव गर्ने ।

(ग) आवश्यक सहयोगी नीति तथा संगठनात्मक संरचनाको निर्माण गर्न सुझाव दिने ।

(घ) सम्बन्धीत स्थानहरुमा विशेष स्थलगत कार्ययोजना देखाउने ।

(ङ) भविष्यमा क्षेत्रीय सहसम्बन्ध र कार्य सम्भाव्यताबारे अध्ययन गर्ने ।

(ASARRD / UNDP,1996)

तत्कालिन समय नेपालमा पनि श्री ५ को सरकार कृषि मन्त्रालय, कृषि विकास बैंक र FAO/ASARRD को संयूक्त पहलमा सन १९७४ जनवरीमा “किसानको लागि विकासमा टेवा” Development support for farmers" सम्बन्धी कार्यशाला गोष्टि आयोजना भएको पाईन्छ । त्यसको पहल स्वरुप ग्रामिण इलाकामा वास्तविक गरिब किसानहरुको आँकडा पहिचान गर्न तराई मधेशको धनुषा जिल्लाको संखुवा महेन्द्रनगरमा १९७५ सेप्टेम्बरमा र पहाडको नुवाकोट जिल्लाको तुप्चेमा १९७६ मार्चमा संचालन गरियो । यी दुवै आयोजनाको प्रशासकीय तथा कार्यकारी अधिकारको जिम्मेवारी ASARRD को सहमतीमा कृषि विकास बैंकलाई दिइयो । यो ग्रामिण गरिब किसानहरुलाई सहयोग गर्ने पहिलो सुरुवात हो । (ADB/N,1986)

उक्त कार्यक्रमका उद्देश्यहरुमा ग्रामिण इलाकामा गरिब तथा विपन्न कृषकहरुको आवश्यकता पुरा गर्न स्थानीय स्रोतसाधन, सीप र प्रविधिको प्रयोग गर्ने । सेवा र सुविधामा पहुँच विस्तार गर्ने । कृषकहरुको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि गर्ने । आत्मनिर्भर र स्वविकासको लागी विभिन्न कार्यक्रमहरु सुरुवात, तर्जूमा तथा कार्यन्वयन गराउने आदि थिए ।

### १.१.२ ग्रामीण कृषि विकास आयोजनामा आधारित कार्यक्रमका विशेषताहरुः

एडिबीको गरिबी विरुद्धको दुई दशकको प्रयास नामक पुस्तक- (ADB/N, 1996) साना किसानको उत्थानको लागि आवश्यक योजना बनाएको थियो । ग्रामिण विकास नेपाल को ग्रामीण कृषि विकास आयोजनाका कार्यक्रमका विशेषताहरु यसप्रकार भेटिएका छन् ।

(क) किसानहरुलाई निश्चित क्षेत्र र समुहको आधारमा समुहगत संगठित गर्ने ।

(ख) यी कृषक समुहलाई विभिन्न लाभदायक कृषिजन्य उद्योग लगायत कार्यक्रममा सहभागी गराई आय-आर्जनमा वृद्धि गराउने ।

(ग) आयमूलक कार्यक्रमका लागि संचालित कार्य परियोजनाहरु सफल तुल्याउन उपयुक्त तालिमको व्यवस्था गर्ने ।

(घ) लागत र प्रविधिको विस्तार तथा प्रबन्ध गर्ने ।

(ङ) सक्षमता बढाउन वा क्षमता अभिवृद्धि गर्न समन्वयन बढाउने ।

(च) विभिन्न सरकारी, गैर सरकारी एजेन्सी आदिको सहयोग र समन्वयमा परिपुरक सामाजिक कार्यक्रमहरु संचालन गर्ने ।

(छ) आर्थिक अवस्था अभिवृद्धि गर्नका लागि मितव्ययी बन्ने तथा बचत गर्ने बानीको विकास गर्ने ।

(ज) समुह निर्माण गरी नतिजामुलक र आयमुलक योजना निर्माणको अभ्यास गरी सक्षमता बढाउने ।

(झ) आयमुलक कार्य गर्ने प्रयोजनका लागि कृषि विकास बैंक वा अन्य विकास बैंक मार्फत ऋण प्रवाह गराउने ।

(ञ) महिलाहरुलाई समेत आयमुलक तथा उत्पादनशील कार्यमा सरिक बनाउनका लागि प्रत्येक समुहमा कम्तीमा १४ प्रतिशत महिला सहभागिता अनिवार्य गर्ने ।

(ट) निश्चित क्षेत्रमा संचालित यस्ता कार्यक्रमहरुलाई अन्य क्षेत्रमा समेत विस्तार गर्ने ।

(ठ) निरपेक्ष गरिब तथा निम्नस्तरका किसानहरुलाई कार्यक्रममा समेट्न विशेष पहल र प्रोत्साहन गर्ने ।

(ड) आवधिक रुपमा कार्यक्रमको प्रभावकारिता नतिजा आदिको वारेमा समिक्षा गर्दै प्रतिफल बढाउन थप योजनाहरु पहिचान र कार्यन्वयन गर्दै लैजाने । (RDN, 2007)

### १.१.३ कृषिमा आधारित उत्पादन बढाउनको लागी जमिनको अवस्था

गरिब तथा विपन्न किसानहरुको जिविकोपार्जनको लागि उत्पादन बढाउने प्रमुख साधन जमिन वा भूमिको व्यवस्था नै हो । असमानुपातिक वितरण प्रणाली र स्वामित्वको कारण नेपालमा कृषिपेशामा आधारित गरिब तथा साना किसानसँग प्रर्याप्तमात्रामा भूमिको स्वामित्व छैन भने अर्कातिर कृषि पेशामा आश्रित नभएका जमिनदारहरुको स्वामित्वमा ठूलो परिमाणमा भूमिको स्वामित्व रहेको पाईन्छ । सरकारको क्रान्तिकारी तथा बैज्ञानिक भूमिसुधार नीति कार्यन्वयनमा आउन नसक्दा, गरिब किसानहरुले भूमिको स्वामित्व नपाउँदा काम गर्न पाएका छैनन भने अर्कोतिर जमिनदारको स्वामित्व मा रहेको ठूलो मात्राको जमिन बाँझै रहँदा राष्ट्रिय उत्पादनमा समेत असर गरिरहेको छ । हिमालमा करिब ९ प्रतिशत पहाडमा ५८ प्रतिशत र तराईमा ४३ प्रतिशत घरधुरी सँग आफ्नो कृषि भूमिरहेको छ । (NLSS, 2010/11)

एक अर्को अध्ययनका अनुसार, नेपालमा थुप्रै संख्यामा विपन्न गरिबहरुको स्वामित्वमा कृषि भूमि रहेको पाइदैन । नेपालमा ६६.१ प्रतिशत भूमि स्वामित्वमा रहेकोमा सार्वजनिक तथा ऐलानी जमिन १७.५ प्रतिशत, भूमिपतिहरुको स्वामित्वमा ६.३ प्रतिशत, गुठीको स्वामित्वमा ३.१ प्रतिशत, गाउँ ब्लकमा ६.९ प्रतिशत, विर्ता ०.१ प्रतिशत, उखडा ०.२ प्रतिशत रहेको पाईन्छ । असमानुपातिक भूमि स्वामित्वकै कारण कृषिमा आधारित उत्पादनले किसानहरुलाई जीविकोपार्जन गर्न मुस्किल परिरहेको देखिन्छ । कृषि उत्पादनलाई हेर्दा करिब १९.६ प्रतिशत मानिसलाई तीन महिना पनि खान पुग्दैन । मुस्किलले तीन महिनामात्र खान पुग्नेको संख्या २३.२ प्रतिशत, छ महिनासम्म खान पुग्नेको संख्या १९.८ प्रतिशत, ९ महिना सम्म खान पुग्नेको १२.२ प्रतिशत, एक वर्ष सम्म खान पुग्ने २०.४ प्रतिशत र एक वर्ष भन्दा धेरै समय खान पुग्ने ४.९ प्रतिशत मात्र रहेका छन् । यसरी ६ महिना सम्म खान नपुग्नेलाई निरपेक्ष गरिब, वार्षिक औसत खान नपुग्नेलाई गरिब तथा वर्षभरी वा सो भन्दा बढी समय खान पुग्नेलाई सामान्य मध्यम स्तरका किसान भएको र

बाँकी ७४.७ प्रतिशत किसानहरु निरपेक्ष तथा सापेक्ष गरिबीको रेखामुनि रहेको तथ्यांक पाईन्छ । देशको तथा ग्रामिण विकासको लागि यो निकै डर लाग्दो अवस्था हो । (Dhakal,2013)

### १.२ समस्याको कथन

नेपालमा अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन् । जसमध्ये करिब ७४.७ प्रतिशत किसानहरु निरपेक्ष तथा औषत गरिवीको श्रेणीमा पर्छन् जुन केवल निर्वाहमुखी कृषि पेशामा मात्र आश्रित रहेका छन् । वर्षदिनको मेहनतले, आय स्तर बढाउन त के, आफ्नो र आफ्नो परिवारको सामान्य दैनिकी चलाउन पनि मुस्किल परिरहेको छ । केही थोरै कृषकहरुमात्र व्यवसायिक कृषिमा आवद्ध छन तर पनि उचित बजारको व्यवस्था नहुनु, ग्रामिण कृषि सडकको पहुँच विस्तार नहुनु आदिको कारणले थोरै भएपनि उत्पादित कृषिजन्य वस्तुहरु किसानकै खेत बारीमा सडेर जाने अवस्थापनि हाम्रो ग्रामिण क्षेत्रमा अझै विद्यमान नै छ ।

सर्वप्रथम गरिबीको रेखामुपनि रहेको जनसंख्याको अनुमान, राष्ट्रिय योजना आयोगले वि.सं. २०३४ मा गरेको आय विवरण, रोजगारी तथा उपभोग ढाँचा सम्बन्धी अध्ययनले गरेको थियो । जसमा करिब ३६ प्रतिशत कीसानहरु निरपेक्ष गरिबीको रेखामुनि रहेका थिए । त्यसको आठ वर्ष पछि वि.सं. २०४२ मा नेपाल राष्ट्र बैङ्क बाट गरिएको पारिवारिक बजेट सर्वेक्षणमा करिव ४१.५ प्रतिशत मानिसहरु निरपेक्ष गरिबीको रेखामुनि रहेको आँकडा सार्वजनिक गरियो आठौँ योजना तर्जुमा गर्ने शिलसिलामा ४९ प्रतिशत (कुल जनसंख्याको झण्डै आधा हिस्सा) निरपेक्ष गरिबीको रेखामुनि रहेको डरलाग्दो आँकडा सार्वजनिक भयो । (रा.यो.आ.२०५६)

आ.व. २०७२/०७३ मा सार्वजनिक आर्थिक सर्वेक्षणले पनि हाल ३० प्रतिशत भन्दा बढी मानिसहरु केवल निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् । यी आँकडाबाट के प्रमाणित हुन्छ भने ग्रामिण गरिब किसानको उत्थानको नाममा संचालन गरिएका विभिन्न नामका कार्यक्रम तथा परियोजनाहरुको प्रतिफल लक्षित समुदाय तथा किसान वर्गले पाएनन् । यदि त्यो प्रतिफल पाएको भए त गरिबीको संख्या बढ्ने थिएन, बरु घट्ने थियो । आ.व. २०३२/३३ देखी हालसम्म गरिबी निवारणको नामबाट ग्रामिण विकास परियोजना तथा किसान लक्षित विकास कार्यक्रम नामका अनेकौ एकिकृत परियोजनाहरु सरकारी तथा गैर

सरकारी संस्था बाट संचालन भए । सबैले गरिब किसानको नाम बेच्दै गरिबी निवारण र उत्थानकै नारा वकालिइरहे । उनीहरुको कोठे वैठक, भेला र प्रतिवेदनमा शतप्रतिशत लक्ष्य हासिल गरिएको देखाउछन् तर २१ औँ शताब्दीको पहिलो डेढ दशक वितिसक्दा सम्म अझै पनि कर्णालीका शिशुहरु जन्मजात कुपोशित भएका छन् । डोल्पा, हुम्लाका मानिसहरु जीवनजल र सिटामोल खाननसक्ने अवस्थामा दिनदिनै मरिरहेका छन् । सुदुरपश्चिम तथा मध्यपश्चिमका महिलाहरु रजस्वाला हुँदा छाउपडी गोठमा मृत्युसँग जुधि रहेका छन् । द्वन्दले थालिएका रोल्पा र रुकुमका किसानहरु वर्षदिन कामगरेर पनि तीन महिना खान पाइरहेका छैनन् । देश र गाउघरको अवस्था यस्तै देखिन्छ । वि.सं. २०६२/६३ को दोस्रो जनआन्दोलन समाप्ती पछि २०६३ मंसिरमा भएको विस्तृत शान्ति सम्झौता पछि रोल्पाको जुँगार गाउँमा कर्यक्रम संचालन गरेको ग्रामिण विकास नेपाल को ग्रामिण कृषि विकास आयोजनाले त्याँहा पारेको प्रभावको वारेमा यो अध्ययन केन्द्रित गरिएको छ ।

**अनुसंधान प्रश्न**

१) रोल्पामा क्रियाशील परियोजना र तिनीहरुको अवस्था के कस्तो छ ?

२) संचालित परियोजनाहरुले स्थानीयवासीको सामाजिक आर्थिक पक्षमा के-कस्तो प्रभाव पारेको छ ?

बृहदशान्ति समझौता पछि युद्ध र त्रासको वातावरण हट्दै गयो । मानिसको जनजीवन सामान्य बन्न थाल्यो तर द्बन्दले घाउ बनाएका ग्रामीण गरिब किसानहरुको आर्थिक अवस्था झन नाजुक बन्दै गयो । ती किसानहरुलाई सहयोग गर्ने नाममा थुप्रै सरकारी-गैरसरकारी संस्थाहरु स्थापित भए, जसको अभिलेख जि.प्र.का. रोल्पामा भेटिन्छ । जस्तै रुडास नेपाल, डिकोष नेपाल, उपाप कार्यक्रम, सुआहारा कार्यक्रम आदि । यी सबै कार्यक्रमहरु मध्ये बढी क्षेत्रमा क्रियाशील रहेको कार्यक्रम ग्रामीण विकास नेपालको ग्रामीण कृषि विकास आयोजना पाइयो । तसर्थ आफ्नो अध्ययनको निम्ति यो आयोजनालाई छनौट गरियो । यो आयोजना औसतमा स्थानीय वासीको सामाजिक-आर्थिक पक्षमा के-कस्तो प्रभाव पारेको छ भन्ने विषयमा केन्द्रित खोजमूलक रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

रोल्पामा सरकारी तथा गैरसरकारी तहबाट द्वन्द पिडित ग्रामिण किसानहरुको उत्थानको नाममा थुप्रै कार्यक्रमहरु संचालन भएको पाईन्छ । ती कर्यक्रम मध्येको एक हो **ग्रामीण विकास नेपालको, ग्रामिण कृषि विकास आयोजना ।** जिल्लामा संचालित यी कार्यक्रमहरुको आफ्नो आन्तरिक प्रतिवेदन गोष्ठीहरुमा आयोजना सफल रहेको आँकडा ल्याईन्छ तर जिल्लामा कार्यरत जिल्ला कृषि कार्यलय, पशुपालन तथा बागवानी विकास केन्द्रं र अन्य नागरिक समाज तथा स्वतन्त्र अनुसन्धान कर्मीहरुले आफ्नो रिपोर्टमा उल्लेख गरेअनुसार, जिल्लामा संचालित विभिन्न आयोजनाले आम गरिब किसानको जीवनस्तरमा खासै परिवर्तन गर्न नसकेको कुरा बाहिर ल्याएका छन् । आखिर किन यस्तो दुई थरी अन्तरविरोधी कुराहरु सँगसँगै आए त ? यस विषयमा खास कारण पत्ता लगाउनु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । साथै यस अध्ययनका सामान्य र विशिष्ट उद्देश्यहरु यस प्रकार छन् ।

१.३.१ यस अध्ययनको सामान्य उद्देश्यहरु यस प्रकार छन् ।

**क) ग्रामिण कृषि विकास आयोजना** ले रोल्पाको जुंगार गाउमा लक्षित वर्गका किसान समुदायमा पारेको प्रभाव र नतिजाको संश्लेषण गर्न ।

१.३.२ यस अध्ययनका विशिष्ट उद्देश्यहरु यस प्रकार छ ।

(क) रोल्पाको जुंगार गाउँमा संचालित **ग्रामिण कृषि विकास आयोजना** बाट लाभान्वित कृषक समुदायको आर्थिक अवस्थाको वर्णन  गर्नु ।

(ख) किसानले लिएको लाभ को बारेमा वर्णन गर्नु ।

(ग) किसानहरुलाई प्रदान गरिएको ऋण र अनुदानको उपयोग/दुरुपयोग बारेमा अध्ययन गर्नु ।

(घ) समग्रमा भन्दा **ग्रामिण कृषि विकास आयोजना**ले रोल्पाको जुंगार गाउमा लक्षित वर्गका किसान समुदायमा पारेको प्रभाव र नतिजाको संश्लेषण गर्न ।

## १.४ अध्ययनको महत्व

निकै लामो समयदेखि नेपालका विभिन्न ठाउँहरुमा गरिबी निवारण तथा कृषक उत्थानका नाममा विभिन्न कार्यक्रम संचालन भएपनि लक्षित वर्गको जीवन्स्तरमा खासै परिवर्तन देखिन सकेन । आखिर किन त? यसको कमजोरीहरु के-के र कहाँ-कहाँ भए भन्ने विषयमा उत्तर खोज्न यो अध्ययन केन्द्रित रह्यो । यो अध्ययनले ग्रामिण कृषि विकासमा आवद्ध जुँगार गाउको स्थलगत अध्ययन गरी कार्यक्रमको प्रभाव मूल्याङ्कन तथा कमजोरीहरु औल्याउने कोशिस गरिएको छ ।

यो अध्ययनबाट समग्रमा आयोजना संचालकहरु, दातापक्ष, लक्षित कृषक समुदाय सबै पक्षलाई स्वमूल्याङ्कन गर्न र आगामी कार्यक्रम तयगर्न पनि फाइदा पुग्ने छ । यो अध्ययन पश्चात कार्यक्रम संचालकहरुमा के-कसरी सुधार गर्न सकिन्छ? भन्ने विषयतिर ध्यान दिई थप जिम्मेवार बनाउने छ भने ग्रामिण कृषकहरुका पनि कमजोरी औँल्याइ दिदा सो समुहले कमजोरी सुधार गरि आफ्नो लागि सञ्चालन गरिएका यस्ता कार्यक्रमबाट के-कसरी लाभ लिने र जीवनस्तर उकास्ने भन्ने तर्फ दिशावोध भई कार्यक्रमप्रति आपनत्व, लिने छ । दुवै पक्षविच जिम्मेवारी बोध र अपनत्वको आभास भयो भने पक्कैपनि परिणाम राम्रो आउन सक्छ । तसर्थ यो अध्ययन दुवै पक्षका लागि अति महत्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सङ्गठन

यस अध्ययनलाई छ अध्यायमा समेटिएको छ । पहिलो अध्यायमा परिचय राखिएको छ । जसअन्तरगत पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र सङ्गठनलाई समेटिएको छ भने अध्याय दुईमा अध्ययन संग सम्बन्धित सान्दर्भिक साहित्यको पुनरावलोकन राखिएको छ । अध्याय तीनमा अनुसन्धान विधि र अनुसन्धानका प्रक्रियाहरुलाई समेटिएको छ भने चौथौ अध्यायमा अध्ययन क्षेत्रको परिचय अन्तरगतका विषय वस्तुहरु उल्लेख गरिएको छ । त्यसैगरि अध्याय पाँचमा विश्लेषण र प्रस्तुतिकरण राखिएको छ भने अन्तिम अध्यय छैटौ अध्याय रहेको छ । जसमा सम्पुर्ण अध्ययनको सारांस तथा निष्कर्षलाई समेटिएको छ ।

# अध्यायः दुई

## सान्दर्भिक साहित्यको पुनरावलोकन

यस अध्यायमा 'ग्रामीण कृषि विकास आयोजना' सँग सम्बन्धित पक्षहरुमा भएका अध्ययन तथा ग्रामीण विकास सम्बन्धी अवधारणाहरुका विविध पक्षहरुलाई प्रस्तुत गरिएको छ । ग्रामीण विकास सँग सम्बन्धित रहेर ग्रामीण कृषि विकास आयोजनाले ल्याएका सकारात्मक परिवर्तन तथा कमी कमजोरी समेतलाई मध्यनजर गर्दै यो अध्ययनलाई गतिशिलता दिने प्रयास गरिएको छ ।

"नेपालमा ग्रामिण विकासको लागी संस्थागत कर्जा उपलब्धता" नामक लेखमा नेपालको ग्रामीण विकास अन्तरगत ग्रामीण क्षेत्रका विभिन्न पक्षको संस्थागत विकासको प्रयास, वि.स. २००९ मा 'ग्रामीण विकास प्रशिक्षण केन्द्र' को स्थापना भएदेखी अगाडी बढेको पाईन्छ । त्यसैगरी अमेरिकी र भारतीय सहयोगमा "त्रिभुवन ग्राम विकास आयोजना"को संचालन भएदेखी ग्रामीण विकासले गति लिएको इतिहास पनि पाईन्छ । विभिन्न कार्यक्रमहरु संचालनको क्रममा, ग्रामीण किसानहरुलाई उत्पादनमुलक कार्यकोलागि कर्जा प्रवाह गराउने उद्धेश्यले सर्वप्रथम सन् १९५६ तिर विभिन्न १७ वटा सहकारी समुहको स्थापना भयो । यसै सिलसिलामा सन् १९५९ मा स्थापना भएको सहकारी बैंक लाई वि.स.२०२४ सालमा 'कृषि विकास बैंक' मा रुपान्तर गरियो, जसले ग्रामीण साना किसानहरुलाई उनीहरुको आयस्तर बढाउनका लागि कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न सहयोगी कार्यक्रमहरु संचालन गर्दै गयो । यस बैंक मार्फत संचालित साना किसान विकास कार्यक्रम, लघुऋृण कार्यक्रम, स्वरोजगार कर्जा कार्यक्रम निकै महत्वपूर्ण छन् । साना किसान विकास कार्यक्रम अन्तरगत पहाडी क्षेत्रमा बढीमा २० रोपनी र तराईमा बढीमा डेढ विगाह सम्म जमिन भएका कृषकहरुलाई कर्जा लगानी गर्ने गरेको पाईन्छ यद्यपि यो कार्यक्रमले ग्रामीण साना किसानको जीवन स्तरलाई खासै माथि उठाउन सकेन । (खनाल, २०५७)

नेपालको ग्रामीण इलाकाहरुमा असंगठित रुपमा छरिएर बसेका साना किसानहरुलाई आफै समुहमा संगठित हुन सक्ने र आफूले संचालन गर्ने आयआर्जन कार्यक्रम आफैले तर्जुमा गरी सो कार्यक्रम संचालन गर्नको लागि आवश्यक उपलब्ध सेवा र सुविधाको समुचित उपयोग गर्न सक्ने बनाउनुको साथै स्थानीय सरकारी एवं गैर सरकारी निकायले

उपलब्ध गराउने सेवा सुविधा लाई समेत किसानहरुको आवश्यकता अनुरुप बनाई अन्ततः साना किसान हरुको आय वृद्धि गरी दैनिक जीवनचर्या र जीविकोपार्जन सुधार ल्याउने जस्ता प्रारम्भिक उद्देश्यले २०३२ सालमा परिक्षणको रुपमा नुवाकोटको तुप्चे र धनुषाको महेन्द्रनगरमा संचालन गरिएको कार्यक्रम वि.स.२०५३ सालसम्ममा नेपालका ७५वटै जिल्लामा विस्तार भै४४२ आयोजना मार्फत ६५२ गा.वि.स.मा करिव १लाख ८२ हजार घरधुरीका परिवारलाई सेवा पुर्‍याएको देखिन्छ ।

नेपालका विभिन्न स्थानहरुमा विगतमा संचालित सबै किसिमका ग्रामीण विकासका कृषिजन्य कार्यक्रमहरुबाट उत्पन्न फाईदाको अधिकांस हिस्सा मध्यम वा ठुला हुनेखाने कृषक समुदायहरुले मात्र प्राप्त गर्न सकेको कारण वि.स.२०४० को मूल्यमा वार्षिक रु.१२५० भन्दा कम प्रतिव्यक्ति आम्दानी हुनेहरुलाई मात्र कार्यक्रमको लक्षित समुहको रुपमा छनौट गर्ने, ८ देखि १० जनासम्मको सदस्य रहनेगरी समुह गठन गरेर विभिन्न उत्पादनजन्य कार्यक्रममा सरिक गराउने, समुहको सिफारिसमा किसानलाई कर्जा उपलब्ध गराउने, सामाजिक-सामुदायिक कार्यक्रममा संलग्न गराउने, समुह बचत संकलन गरी आयमुलक कार्यमा परिचालन गराउने, सिपमुलक तथा सिपविकास कार्यक्रममा सहभागी गराउने, विभिन्न विकास आयोजना तथा कार्यक्रमहरु एकिकृत ढङ्गले संचालन गराउने जस्ता लक्षित कार्यक्रम संचालन गरियो । यसरी निश्चित मापदण्डको तर्जुमागरी संचालन गरिएका कार्यक्रमले कुनै एकपक्षको वृहद ढंगले विकास हुने र अर्को पक्ष यथास्थितिमा रहीरहने कुरा सैद्धान्तिक रुपमा असम्भवः प्रायः देखिन्छ । यदि कथमकदाचित खास परिस्थितिजन्य कारणले गर्दा यस्तो भईहालेमा आफ्नो घोषित लक्ष्यहासिल गर्नकै लागि कार्यक्रम सफल भएको मान्न नसकिने कुरा उल्लेख गरेको देखिन्छ। (खत्री,१९९१)

साना किसान विकास कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नको लागि नेपालमा विभिन्न स्वदेशी तथा विदेशी निकायद्वारा गरिएका अध्ययनलाई नै महत्वपूर्ण आधार मानेर यसलाई तीन खण्डमा बाँडेर देखाईएको छ । पहिलोमा शोधकार्यहरु, दोस्रोमा ग्रामीण साना किसानको सफलता वा असफलता मध्ये कुनै एक पक्षको चर्चा गरिएको छ भने तेस्रोमा समग्र कार्यक्रमको सफलता वा असफलता मध्ये कुनैपनि पक्षको वास्तविक तस्वीर मात्र प्रस्तुत गरिएको छ । यस अन्तरगत पर्ने अध्ययनहरु निकै न्यून मात्रामा छन भन्ने कुरा उल्लेख गरेको पाईन्छ । (खत्री, १९९१)

नेपाल कृषि आयोजना केन्द्रले सन् १९९७ मा ग्रामीण साना किसान विकास कार्यक्रमको प्रथम चरणको मूल्याङ्कनमा निम्नानुसार आर्थिक पक्षहरु औंल्याएको पाईन्छ ।

**आर्थिक पक्षः**

क) सदस्य साना किसानको सिंचित जमिनको क्षेत्रफल पहिलेको तुलनामा दश प्रतिशतले वृद्धि भएको ।

ख) तराई मधेशमा धान र गहुँ बालीले ढाकेको कृषिजन्य क्षेत्रफल क्रमशः २४ प्रतिशत र १८ प्रतिशतले बढेको र पहाडमा धान र मकै बालीले ओगटेको क्षेत्रफल क्रमशः ३० प्रतिशतले वृद्धि भएको ।

ग) कृषि बालीको सघनता तराईक्षेत्रमा १३ प्रतिशत र पहाडी क्षेत्रमा ८ प्रतिशतले वृद्धि भएको ।

घ) उन्नत तथा हाइब्रेड विउविजनले ढाकेको भु-क्षेत्रफल, हिउदे धानमा १८ देखी ३० प्रतिशतले, बर्षे धानमा २८ देखी ५२ प्रतिशतले, गहुँ बालीमा ५२ देखी ८४ प्रतिशतले र मकै बालीमा ३६ देखी ५४ प्रतिशतले वृद्धि भएको ।

ङ) कृषि बाहेक गैर कृषि क्षेत्रबाट प्राप्त समुह सदस्यको आय पहिलेको भन्दा ६८ प्रतिशतले वृद्धि भएको ।

नेपालको ग्रामीण क्षेत्रमा मौरी पालनबाट पनि निम्न वर्गीय ग्रामीण कृषकहरुको आयस्रोतमा वृद्धि र प्रभाव सम्बन्धी विषयमा सन् १९८८ मा कृषि विकास बैंकका लागि जय सिंह शाहले साना किसान विकास आयोजना भुम्लीचोक गोरखामा गरेको अध्ययन अनुसार ग्रामीण साना किसान विकास आयोजनाको ऋण सहयोगमा आधुनिक तरिकाले मौरी पालन गर्दा कृषकको आम्दानीमा वृद्धि हुनुको साथै मौरी पालन गर्नको लागि अतिरिक्त श्रमको आवश्कता नपरेको र मौरी पालन गरेको आयोजना क्षेत्रको वातावरणमा समेत उल्लेखनीय सुधार भएको देखाइएको छ । यसबाट विपन्न र निम्नवर्गका ग्रामीण लघु किसानहरुको जीवनस्तरमा परिवर्तन आएको देखिन्छ । (शाह,१९८८)

कृषि आयोजना सेवा केन्द्रको सन् १९७९मा भएको नमुना परियोजनाको रुपमा संचालित नुवाकोटको तुप्चे र धनुषाको महेन्द्रनगरको साना किसान विकास कार्यक्रम

संचालन हुनु अघी पछिको अवस्था तुलना गर्दा ग्रामीण कृषकहरुको बचत, उत्पादन तथा सामाजिक आर्थिक अवस्थामा अभिवृद्धि भएको तर धितोको अभावमा भुमिहीन तथा सुकुम्बासी परिवारहरु भने यस आयोजनाको सेवाबाट बन्चित हुनुपरेको अवस्था एक स्थलगत अध्ययनले देखाएको थियो । तसर्थ भुमियुक्त र भुमिहीन सबै किसानहरुले कृषि ऋण पाउन सक्ने नीती नियम निर्माण भै धितो नहुनेलाई पनि  स्वरोजगारको लागि कार्यक्रममा सहभागी बनाउन सके मात्र गरिबी निवारणमा टेवा पुग्ने देखिन्छ । (APROSC,1979)

नेपाल राष्ट्र बैंकबाट सन् १९८१मा भएको ग्रामीण साना किसान विकास कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन अध्ययन प्रतिवेदन अनुसार साना किसान विकास कार्यक्रम, ग्रामीण, निम्न वर्गीय ,आर्थिक रुपले विपन्न किसान हरुको लागि आर्थिक तथा सामाजिक दुबै दृष्टिकोणले निकै फलदायी भएको कुरा देखाएको छ । यस कार्यक्रम भित्रका गरिब तथा विपन्न किसानहरुको कृषि क्षेत्रको आम्दानी, कार्यक्रमको पहुँचभन्दा बाहिरका साना किसानहरुको तुलनामा झन्डै २४ प्रतिशतले बढीरहेको थियो । तर कार्यक्रम भित्र व्यवसायिक तालिम र समुह गतिशीलताको अभाव रहेको तथ्य औंल्याएको थियो । (नेपाल राष्ट्र बैंक, १९८१)

"ऋणले मात्र गरिब तथा विपन्न साना किसानको विकास हुदैन ।" भन्ने कुरा विभिन्न सर्वेक्षणले पनि पुष्टि गरेका छन् । ऋणको सही सदुपयोग गरेर उत्पादनशील कार्यमा लगानी गर्ने र त्यसको प्रतिफलको बचत गर्ने सामुहिक बानीले मानिसको आर्थिक हैसियत परिवर्तन हुनथाल्छ भने अर्कोतिर शिक्षा, स्वास्थ्य तथा सरसफाई सम्बन्धी आधारभूत ज्ञान र चेतनाको विकास पनि सँगसँगै हुन जरुरी छ । ग्रामीण साना किसान विकास आयोजना तुप्चेमा तत्कालिन कार्यक्रम प्रमुखले आफ्नो कार्यक्रमको क्रममा भएगरेका अनुभवहरुलाई समेट्दै लेखेको लेखमा उल्लेख भए अनुसार, परम्परागत रुपमा घर र गाउ छेउछाऊ खोला खोल्साहरुमा जथाभावी दिसा पिसाब गर्दै आएका मानिसहरुलाई शौचालयको निर्माण एवं प्रयोग गराउने बानीको विकास गराउन सुरुमा निकै गाह्रो भएको तर जथाभावी दिसा पिसाब र फोहोर गर्दा विभिन्न किटाणु तथा झिङ्गाको संख्या बढ्न सँगै हाम्रो खानेकुरा लगायत वातावरणलाई प्रदुषित बनाउदा हामी बिरामी हुन्छौं भन्ने कुराको चेतना जागृत गराउदा अस्वीकार गर्ने कोही भएनन् । र सम्पूर्ण मानिसहरु

सामुदायिक सरसफाई तिर अग्रसर भएको पाईन्छ । तसर्थ मानिसको आर्थिक हैसियतको परिवर्तन सँगसँगै चेतनाको परिवर्तन पनि अपरिहार्य छ । (**अधिकारी,२०६७**)

ग्रामीण कृषि विकास कार्यक्रम सम्बन्धी कमी कमजोरीको बारेमा नेपालमा गरिबी र ग्रामीण विकास पुस्तकको "ग्रामीण बित्त बजार" शीर्षक अन्तरगत साना तथा लघु किसान विकास कार्यक्रम संचालनमा देखा परेका त्रुटिहरु तथा कार्यक्रमको अध्याँरो पक्षलाई मध्यनजर गर्दै लेखकले केही कुराहरु उठाएका छन कि वर्तमान अवस्थाको दरले यस्ता कार्यक्रमलाई राज्यका सबै गाउटोलमा पुग्न करीब तीन पुस्ता समय लाग्नेछ । कयौं नीतिगत तथा प्रकृयागत कमिकमजोरीका कारण आयोजना संचालन भएको ठाउँको विकास पूर्णरुपले हुन सकेको छैन । ग्रामीण कृषकहरु तथा समग्र गाउँबासीहरुको माग अनुसार आयोजना तथा कार्यक्रमको विस्तार हुन सकेको छैन भन्दै साना तथा लघु किसान विकास कार्यक्रममा देखिएका गुनासाहरुलाई यसरी औंल्याइएको छ ।

- भुमिहीन, सुकुमबासी वा गरिब किसानले भन्दा पनि मध्यमवर्गीय मानिसहरुले बढी फाइदा पाएको ।
- कार्यक्रम संचालन भएको निकै लामो समय वितीसक्दा सम्म पनि साना तथा विपन्न किसानको जीवनस्तरमा बदलाव नदेखिएको ।
- दुर्गम भेगका ग्रामीण क्षेत्रहरुमा कामगर्न प्रतिबद्ध र तालिम प्राप्त कर्मचारीको अभाव रहेको ।
- समन्वयात्मक कार्यक्रम भएतापनि अन्य सहयोगी निकाय, एजेन्सी बाट खासै सहयोग हुन नसकेको ।
- किसानहरुलाई प्रवाह गरिएको ऋणको ब्याजदर उच्च रहदा, कैयौं किसानहरुले ऋण फिर्ता गर्न नसकी, भएको खेतवारी वा जमीन पनि लिलाम हुने अवस्थामा पुगेको भन्ने ब्यापक जनगुनासो रहेको ।

यस कार्यक्रमको मूल अवधारणा अनुसार एउटा गाउका साना किसान र भुमिहीनको आर्थिकस्तर करिब तीन बर्षभित्र उकासिसकेपछि स्थानीय स्वावलम्बी समुह गठन गरी पूर्ण जनसहभागीतामा कार्यक्रम संचालनका लागि स्थानीय स्वतः स्फूर्त निकायलाई समाती र व्यवस्थापन जिम्मा दिई अर्को छिमेकी गाउमा क्रमशः स्थानान्तरण हुँदै जानुपर्ने थियो । तर सुरुमा कार्यक्रम सुरुवात भएका तुप्चे

(नुवाकोट) र महेन्द्रनगर (धनुषा) निकै लामो समय सम्म जहाँको तही देखिए । यो तथ्यलाई ध्यानमा राखी बर्हिगमनको रुपमा कृषि विकास बैंकले साना किसान विकास आयोजनालाई संस्थागत विकासको प्रकृया कार्यान्वयन गरिरहेको छ । यसको लागि जर्मन सहयोग नियोग (GTZ ) को सहयोगमा केही आयोजनालाई स्थानीय साना किसान सहकारी संस्था लिमिटेड (SFCL) मा परिणत गरी व्यवस्थापन हस्तान्तरण गर्न सुरु गरेको कुरा उल्लेख छ । (कुवर,२०५६)

ग्रामीण कृषि विकास आयोजना तथा यस सम्बन्धी बिषयमा भएका अधिकांश पूर्व अध्ययन अनुसंधानले यस्ता कार्यक्रमहरु गरिबी निवारणको लागी ज्यादै सफल रहेको तर्फ नै जोड दिएका छन् यद्यपि सबै ठाउहरुमा यस्ता कार्यक्रमहरु केवल ठगीखाने भाँडोमा सिमित नभएका पनि होइनन् । असंगठित रुपमा छुटिएर बसेका, आफैं समुहमा संगठित हुननसकेका, आफुले संचालन गर्ने आयमूलक कार्यक्रम आफैंले गर्न नसक्ने वर्ग समुह प्रति ज्यादै कम मात्रामा कलम चलेको पाईन्छ । गरिब र विपन्नको नाममा संचालन भएका अधिकांश कार्यक्रममा सम्बन्धित गरिब किसानहरु नै सकृयरुपले सहभागी भएका छैनन । गरिब किसानहरुको लागि संचालित यस्ता कार्यक्रमहरु बढी गरिबहरु भएको स्थान वा क्षेत्रमा पुग्न नसकेको तथा खास गरिब तथा विपन्नहरुको पहिचान हुन नसक्दा लक्षित समुदायले बञ्छित प्रतिफल पाउन सकेका छैनन । यसर्थ नेपालमा संचालित गरिब तथा विपन्न कृषक उत्थान सम्बन्धीका गरिबी निवारण कार्यक्रमहरु प्रायः असफल भएको देखिन्छ । यो कुराको पुष्टि अझैपनि नेपालको निकै ठुलो जनहिस्सा गरिबीको रेखामुनि रहेको तथ्याङ्कले गर्छन । गरिबी किन बढीरहेको छ ? कार्यक्रमहरु असफल हुनुका कारणहरु के के हुन ? के-कस्ता कमजोरी हटाएमा संचालित कायक्रमहरु सफल हुनसक्छन भन्ने कुराको जानकारी नभएसम्म यस्ता कार्यक्रमहरु सफलरुपमा अगाडी बढाउन सकिदैन । यो अध्ययनले कार्यक्रमको प्रसंसा मात्र नगरी कार्यक्रम संचालनमा देखिएका कमी कमजोरी र त्रुटीहरु औंल्याई आगामी दिनमा यस्ता कमजोरीहरु दोहोरिनबाट रोकी कार्यक्रमलाई सफल बाटोमा ल्याउन तर्फ दिशाबोध गर्नेछ ।

## अबधारणागत ढाँचा (Conceptual Framework)

ग्रामीण कृषि विकास कार्यक्रमको मूल अवधारणा अनुसार कार्यक्रम संचालित लक्षित गाउका विपन्न तथा निम्न वर्गका किसानहरुको आर्थिक स्तर करिब चार आ.व. भित्र परिणाम देखिने गरी उकासी सक्नुपर्ने देखिन्छ । तत्पश्चात ग्रामीण किसानहरु आफैं आत्मनिर्भर बनी स्वबलम्वन तथा स्वरोजगार हुन आफैं क्रियाशील समुह निर्माण गरी उत्पादनशील कार्यमा सरिक हुनुपर्ने देखिन्छ । निकै लामो शसस्त्र द्धन्दको चपेटामा परेर पिल्सीएका ग्रामीण किसानहरु पूर्ववत अवस्थामा आउनको लागी सामाजिकरणका विविध पक्षहरुमा आवद्ध हुन पनि जरुरी छ । यिनै द्धन्द पीडित जुगारवासी आम कृषकहरुलाई 'ग्रामीण कृषि विकास आयोजना' ले उल्लेखनीय र सकारात्मक प्रभाव पारेपछि रोल्पाका सयौं अन्य द्धन्द पिडित ग्रामीण क्षेत्रहरुमा यो कार्यक्रमलाई सुधार गर्दै प्रसार गर्नु उपयुक्त हुनेछ । शान्ति बहाली पछि रोल्पाको जुगार गाउमा संचालित ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रमले करिब ८ वर्षको समय अन्तरालमा जुगारवासी अधिकांश साना तथा द्धन्द पीडित किसानहरु लाभान्वित भएको देखिन्छ । तर कार्यक्रममा समाहित आम विपन्न किसानहरुको जीवनस्तर तथा आयस्तर, आयोजना संचालनको यति लामो समय वितिसक्दा पनि किन माथि उठ्न सकेको छैन ? आयोजनाले लिएको उदेश्य अनुसार किन कार्यक्रम सफल हुन सकेन ? कहाँ-कहाँ बाट कुन-कुन पक्षको कमजोरी रह्यो ? यसलाई कसरी सुधार गर्न सकिएला ? भन्ने कुरालाई यहाँ प्रष्ट्याउन खोजिएको छ । साथै किसानको लागि लक्षित आयोजना सफल पार्न संस्थागत रुपमा के गर्न सकिन्छ र किसानहरुको तर्फबाट के गर्नु पर्दछ भन्ने विकल्पहरु समेत प्रस्तुत गरिएको छ ।

| **ग्रामीण कृषि विकास आयोजनाका उदेश्यहरुः** | **आयोजना संचालित क्षेत्रको अवस्थाः** |
| --- | --- |
| - किसानको आर्थिक स्तर वृद्धिगरी गरिबी निवारणमा टेवा पुर्‍याउनु ।<br>- किसानलाई संगठित बनाई योजना निर्माण तथा कार्यान्वयनमा क्रियाशील गराएर आत्मनिर्भर तुल्याउनु ।<br>- आर्थिक सेवा र सुविधामा पहुँच | - कृषि ऋण प्रवाह र असुलीमात्र भएको<br>- संस्थागत सेवा सुविधा पुग्न नसकेको<br>- स्थानीय स्रोत र साधनको समुचित प्रयोग हुन नसकेको<br>- आयोजनाले किसानको आर्थिकस्तर बढाउन नसकेको |

| | |
|---|---|
| विस्तार गर्नु ।<br>- स्थानीय स्रोत साधनको उपयोग गरी कृषि उत्पादकत्व लाई वृद्धि गर्नु । | - आयोजनाका कर्मचारी तथा प्रविधिकहरु सेवामुखी भन्दा पैसामुखी भएको |

| कमीकमजोरी | कमीकमजोरी |
|---|---|
| -आर्थिक कार्यक्रमहरु लक्षित गाउमा सघनरुपले संचालन नभएको ।<br>-दक्ष कर्मचारी र प्राविधिकहरुको ब्यवस्था नभएको ।<br>-आयोजनाको बारेमा आम कृषकहरु सम्म स्पष्ट रुपले सन्देशप्रवाह हुन नसकेको ।<br>-अन्तरनिकायहरु बीच सम्बन्ध र सुपरिवेक्षणको कमी भएको । | -जनचेतनाको अभाव रहेको ।<br>-किसानहरुमा आयोजनाप्रति अपनत्व नदेखिएको ।<br>-जीवनस्तर सुधार नभएको ।<br>-ऋणको सहि सदुपयोग नभएको । |

| **विकल्प** | **विकल्प** |
|---|---|
| -आर्थिक र शैक्षिक जागरणका कार्यक्रमहरु सँगसँगै संचालन गर्नुपर्ने ।<br>-विभिन्न सामाजिक निकायहरुबीच समन्वय गरी कार्यक्रम विस्तार गर्नुपर्ने ।<br>-ऋण भन्दा अनुदानको व्यवस्था गर्नुपर्ने<br>-दक्ष प्राविधिक तथा कर्मचारी खटाउनुपर्ने । | -कृषकको पुरातन सोचाई र बुझाईमा परिवर्तन ल्याउनुपर्ने ।<br>-नियमित रुपमा बैठकबसी आयोजनाको प्रभाव र आवश्यकताको बारे छलफल गर्नुपर्ने।<br>-कृषि ऋणलाई सम्बन्धित भाग भएको क्षेत्रमा लगानी गर्नुपर्ने ।<br>-मानिसको चेतना विकासमा ध्यान दिनुपर्ने । |

# अध्याय तीन

## अनुसन्धान विधि

"ग्रामीण कृषि विकास आयोजनाले पारेको आर्थिक प्रभाव बारे रोल्पाको जुगार गाउको अध्ययन" गर्ने सिलसिलामा अनुसंधान प्रकृयालाई सही, गहन, छिटो, यर्थातपरग र परिणाममुखी बनाउनको लागि अवलम्बन गरिएका अनुसंधान विधीहरुको बारेमा यस अध्यायमा छलफल गरिएको छ । अध्ययन क्षेत्रको छनौट गर्दा अपनाएका विधी, अध्ययनक्षेत्रको स्थलगत अवलोकनमा जाँदा आईपरेका कठिनाईहरु, अध्ययनको क्रममा प्रयोग गरिएका प्रविधिहरु तथा तथ्याङ्क संकलन प्रकृयाको बारेमा यस अध्यायमा वर्णन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट

ग्रामीण विकास नेपालका विभिन्न परियोजनाहरु देशका विभिन्न स्थानहरुमा संचालनमा रहेका छन, यद्यपि रोल्पाको इतिहास र प्रकृति भने अन्य स्थानको भन्दा फरक छ । एक त ग्रामीण र विकट क्षेत्रमा संचालित आयोजनाहरु समग्रक्षेत्रमा संचालित आयोजना भन्दा निकै जटिल र समस्याग्रस्त हुन्छन भने अर्कोतिर उचित सुपरिवेक्षण, अनुगमन तथा नियन्त्रण हुन नसक्दा आयोजनाको सही गति र दिशाबोध हुन नसकी उदेश्य प्राप्ती बाट विमुख हुन जान्छन । जसको प्रत्येक्ष नोक्सानी र मारमा लक्षित वर्गका स्थानीयहरु पर्न जान्छन । जसबाट रोल्पाको जुगार गाउ पनि अछुतहुने प्रसङ्गै आएन ।

द्धन्दको घाउले पिल्सिएका यिनै गाउका ग्रामीण किसानहरुको आयस्तर बढाउने नारादिएर बृहद शान्ति सम्झौता पछि थुप्रै परियोजनाहरु गाउ छिरे, जस अन्तरगत जुगार गाउमा पनि ग्रामीण विकास नेपालको ग्रामीण कृषि विकास आयोजना क्रियाशील भयो । जुन लक्षित वर्ग समुदायका द्धन्दपिडित गरिब किसानहरुको जीवनस्तर आयोजना संचालनको यति लामो समय वितिसक्दा पनि माथी उठ्न सकेन । के कति कमी कमजोरी का कारण लक्षित उदेश्यअनुसार काम हुन सकेन भन्ने जानकारी प्राप्तगर्नको लागी आयोजना संचालनमा रहेको जुगार गाउलाई अध्ययनगर्न उदेश्यपूर्ण छनौट गरिएको थियो ।

### ३.२: अनुसंधान ढाँचा

यस अध्ययनलाई वर्णनात्मक एवं विश्लेषणात्मक ढाँचामा अगाडी बढाईएको छ । प्राथमिक तथा द्धितीय तथ्याङ्कको स्रोतको आधारमा ग्रामीण कृषि विकास आयोजनाले जुगारमा संचालन गरेको कार्यक्रमको प्रभाव मूल्याङ्कन गरी निचोड निकाल्ने प्रयास गरिएको छ । यस अध्ययनको निम्ति तथ्याङ्क संकलन गर्दा, स्थानीय क्षेत्रको स्थलगत अध्ययनमा गै आयोजनाको कार्यालय र त्यससँग सम्बन्धित कर्मचारीहरुसँग हालसम्मको गतिविधि र विवरण प्राप्त गरिएको थियो भने लक्षित समुदायका केही प्रतिनिधी कृषकहरुसँग प्रत्येक्ष भेटघाट गरी आयोजनाले गरेका सहयोग, प्रभाव, गतिविधी र त्यसले किसानहरुलाई पुर्‍याएको फाइदा/वेफाइदाको बारेमा प्रत्येक्ष अन्तरवार्ता गरेर अन्तरवार्ता अनुसुची भरी विवरण संकलन गरिएको थियो । साथै यो अध्ययनलाई अगाडी बढाउन सहयोगी सन्दर्भको रुपमा आयोजना कार्यालयका विधान, अवधारणा पत्र, विभिन्न समकक्षी आयोजनाका प्रतिवेदनहरु सम्बन्धित संस्थाले गरेका खोज मूलक निचोड र लेख रचनाहरु पनि द्धितीय स्रोतको रुपमा प्राप्त गरी अध्ययनलाई अगाडी बढाईएको थियो ।

### ३.३ अनुसन्धान पद्दती

रोल्पा जिल्लाको **जुगाँर गाउ** द्वन्दबाट  पिल्सीएको दुर्गम गाउँ हो । जुन गाउँका अधिकांस मानिसहरु निर्वाहमुखी कृषि व्यवसायमा आवद्ध छन् । द्वन्दबाट विस्थापित भएका करिब डेढसय घरधुरी मध्ये आधा जति अझैपनि पुनः स्थापित हुन सकेका छैनन् । गाउँमा द्वन्द पिडित किसानहरुको अवस्था दयनीय नै छ । यिनै किसानहरुको आर्थिक उत्थान गरी जीवनस्तर उकास्न टेवा पुर्‍याउने उद्देश्य लिएर विभिन्न संघ संस्थाहरुले विभिन्न कार्यक्रम सञ्चालन गरेका छन् ।

यिनै कार्यक्रम अन्तर्गत जुगार गाउमा सञ्चालित कार्यक्रम हो, ग्रमिण कृषि विकास आयोजना जसलाई ग्रामिण विकास नेपाल संस्थाले सञ्चालन गरिरहेको छ । अध्ययनको लागि जुगाँर गाउको स्थलगत अध्ययन गरी त्यहाँको वस्तुस्थिती पहिल्याइने छ । यस आयोजनाबाट लाभान्वित भएका किसानहरुमध्येबाट नमुना परिक्षणको लागि कम्तीमा २५ घरधुरी का किसानहरुलाई छनोट गरिएको छ । यसरी छानिएका प्रतिनिधी पात्रहरुको जीवनस्तर, आयस्तर आदिलाई सुक्ष्म ढङ्गले अध्ययन गर्ने प्रयास गरिएको छ ।

छनोटमा परेका ती किसानहरुलाई प्रत्येक्ष अन्तरवार्ता लिएर आयोजना सञ्चालन हुनुभन्दा पहिले र आयोजना संचालन भै सकेपछि आफ्नो जीवन स्तरमा परेको प्रभावको वारेमा सोध खोज गरिएको छ । जसको लागि विभिन्न प्रश्नावलीहरु तयार पारिएको थियो । आफै लेखेर प्रश्नको उत्तर दिनसक्ने साक्षर किसानको लागि प्रश्नावली उपलब्ध गराएर उत्तर लेख्न लगाइएको थियो भने लेख्न-पढ्न नसक्ने किसानहरुको हकमा प्रश्नावलीमा तय भए अनुसार मौखिक अन्तरवार्ता लिइएको थियो । यसरी नमुना छनौटमा परेका सबै २५ जना किसानहरुको वेग्ला वेग्लै उत्तरलाई एकिकृत गरि सश्लेषण गरेर निचोड निकाल्ने प्रयास गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यो अध्ययनलाई पुरा गर्नको लागी प्राथमिक तथा द्धितीय दुबै किसिमका तथ्याङ्कहरुको संकलन र प्रयोग गरिएको थियो ।

#### क) प्राथमिक स्रोत

यो अध्ययनमा तथ्याङ्कको प्राथमिक स्रोतको रुपमा ग्रामिण कृषि विकास आयोजना बाट लाभान्वित भएका १८० घर धुरी किसानहरु मध्ये नमुना छनौटमा परेका २५ घर धुरी किसानहरुको घर दैलोमा पुगी प्रत्यक्ष अन्तरवार्ता अनुसुचि भर्न लगाई तथ्याङ्क संकलन गरिएको थियो ।

#### ख) द्धितीय स्रोत

आयोजना को कार्यालय तथा गाउ विकास समितिको सम्पर्क कार्यालयहरुमा पुगेर आयोजनासँग सम्बन्धित केही तथ्याङ्क, प्रतिवेदन, विधान तथा केही लेख रचनाहरु प्राप्त गरिएको थियो ।

### ३.५ नमुना छनौट

२०६३ सालमा सरकार र तत्कालीन विद्रोहीपक्षबिच बृहद शान्ति सम्झौता भए पश्चात् द्धन्दबाट विस्थापित हुन पुगेका थुप्रै नागरिक तथा किसानहरु पुनः गाउ फर्कन थाले । निकै लामो समयसम्म गाउ छोडेर बाहिर रहनुपर्दा गाउका जग्गा जमिन बाँझै रहे भने आर्थिक आयआर्जनको अर्को पाटो पशुपालन बाट पूर्णतः बन्चित हुनपुगे । यस्ता हजारौं

किसानहरु मध्ये जुगार गाउ र आसपासमा मात्र १८० घर परिवार किसानहरु छन, जुन द्वन्दको प्रत्येक्ष मारमा परेका थिए । विपन्न यी किसानहरुलाई सहयोगको निम्ति ग्रामीण कृषि विकास आयोजना संचालनमा रहेको छ, जसले किसानलाई ऋण प्रवाहको लागि सहयोग, उन्नत विउविजन तथा विषादिको वितरण, आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था तथा व्यवसायमुखी कृषि प्रणालीको लागी अभिमुखीकरण गर्दै उन्नत जातका बाखा-पाठाहरुको वितरण गर्दै आएको छ । यो कार्यक्रमबाट लाभान्वित सबै किसानहरुलाई समय र स्रोतसाधनको अभावको कारण प्रत्येक्ष रुपमा जोड्न सकिएन तथापि random sampling अनुसार करिब २५ घर परिवारसँग प्रत्येक्ष अन्तरवार्ता गरियो ।

## ३.६ तथ्याङ्क संकलन विधि

हरेक विषयको अध्ययन गर्दा तथ्याङ्कको आवश्यकता पर्दछ । कुनैपनि अध्ययनको असल र वास्तविक नतिजा, त्यस अध्ययनमा अपनाईएका तथ्याङ्क संकलन विधिहरुमा निर्भर गर्छ । यसर्थ पनि आवश्यक र ठिक तथ्याङ्क संकलन गर्नको लागी उचित तथ्याङ्क संकलन प्रकृया वा विधिहरुको अत्यन्त जरुरी पर्छ । यस विषयको अध्ययनको सिलसिलामा रोल्पा स्थित जुगार गाउको वार्ड नं ९ मा स्थलगत अध्ययन/अवलोकनको लागी गइएको थियो । यस अध्ययनमा मुख्यगरी अन्तरवार्ता प्रश्नावली र अवलोकन अध्ययन जस्ता विधी हरुलाई प्रयोग गरिएको थियो ।

क) **अन्तरवार्ता**

कुनैपनि अध्ययन/अनुसन्धानको लागी अन्तरवार्ता विधी बढी प्रयोग भएको पाईन्छ । किनभने यो अन्तरवार्तामा अध्ययनकर्ता स्वंयले उत्तरदातासँग प्रत्येक्ष भेटगरी अनुन्धानको लागी आवश्यक पर्ने तथ्याङ्क आफैले संकलन गर्दछ । जसले गर्दा अनावश्यक तथ्याङ्क संकलन भै श्रम र समय खेर जादैन । यसै अनुरुप ग्रामीण कृषि विकास आयोजना संचालन भएको जुगार गाउ को वार्ड नं ९मा पुगेर नमुना छनौटमा परेका २५ घरधुरीमा प्रत्येक्ष पुगेर उनीहरुबाट प्रत्येक्ष अन्तरवार्ता अनुसुची भरी लिने कार्य गरिएको थियो । भने केही उत्तरदाताहरुसँग मौखिक अन्तरवार्ता लिइएको थियो ।

ख) **अवलोकन**

आफूले अध्ययनगर्न खोजेको र सो अध्ययनलाई आवश्यक पर्ने सामाग्रीहरु स्वंय कार्यक्षेत्रमा गएर आफ्नै आँखाले देखेर त्याहाँको बस्तीको ढाँचा, भु-बनोट, आर्थिक अवस्था, उत्पादनको प्रकृति, चेतनाको प्रसार, सहयोगी भावना, खेतीपातीको प्रकार जस्ता अध्ययनलाई सहयोगी हुने विषयहरुको अवलोकन गरिएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुती करण

कुनैपनि अध्ययन अनुसन्धानको सफलता उक्त अध्ययनको लागी संकलन गरिएका तथ्याङ्क वा आँकडाहरुको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ जुगार गाउमा संचालित ग्रामीण कृषि विकास आयोजनाको विविध प्रयासका बावजुद पनि अझै समेट्न नसकेको, प्रतिफल प्राप्त गर्न नसकेका विभिन्न पक्षहरु र आयोजना संचालनको समग्र पक्षमा संकलन गरिएका तथ्याङ्कहरुको प्रकृति अनुसार वर्गीकरण गर्दा हस्ततालिका तथा साधारण गणितीय मानकहरु निकाल्दा क्याल्कुलेटरको प्रयोग गरिएको छ । यसरी विश्लेषण गरी निकालिएको तथ्यगत कुरालाई प्रस्तुतीकरण गर्दा वर्णनात्मक तथा विश्लेषणात्मक पक्षलाई अनुसरण गरिएको छ ।

## ३.८ तथ्याङ्क संकलन गर्दा आईपरेका समस्याहरु

तथ्याङ्क संकलन गर्दा आईपरेका समस्याहरु मध्ये सबै भन्दा ठुलो समस्या भनेको आयोजना संचालनमा रहेको जुगार गाउका लाभान्वित मानिस अर्थात घरमुलीहरुलाई एकै पटकमा चाहेको वेला भेट्न ग्राहो भएको, भेटेका केही किसानहरु खुलेर कुरा गर्न तथा आयोजनाको बारेमा बोल्न हिच्किचाएको, आफ्नो वास्तविक अवस्था तथा समस्याहरु बताउन गाह्रो मानेको भेटियो । अन्ततः निकै सुझबुझ तरिकाले म समाजशास्त्रको विद्यार्थी भएको र समाजशास्त्रको विद्यार्थीको नाताले आफ्नै अध्ययनको लागी पनि र तपाईहरुको जीवनस्तरमा यो आयोजनाले पारेको सकारात्मक -नकारात्मक प्रभाव बारे अध्ययन गरेमा आयोजनाले आफ्ना कमजोरी सुधार गरी तपाईहरुलाई पुर्‍याएको सहयोगमा थप जिम्मेवारी निभाउन सक्ने कुरालाई बुझाउन सकेपछि जुगार गाउका किसानहरु खुलेर छलफल गर्न तयार भएका थिए । अन्ततः उनीहरुको आत्मीय स्वभाव र सहयोगी व्यवहार निकै स्मरणयोग्य रह्यो ।

## ३.९ अध्ययनको सिमा

- यो अध्ययनले रोल्पाको जुगार गाउमा संचालित ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रम र गतिविधिको मात्र अध्ययन गर्ने हुँदा देशका अन्य भुभाग वा क्षेत्रमा संचालित आयोजनाको कार्यक्रमलाई यसले नसमेट्न सक्छ ।
- यो अध्ययन विश्वविद्यालयको एक विद्यार्थी शोधकर्ताको हैसियतले गरेको हुदा प्रयाप्त समय, आर्थिक स्रोत साधन, पद्धती आदिको कमीका कारण सम्पूर्ण पक्षलाई समेट्न नसक्दा हुबहु नतिजा निकल्ने गरी तुलनात्मक अध्ययनमा प्रयाप्तता नहुन सक्छ ।
- यो अध्ययनमा नमुना छनौट गरी जुगार गाउका सम्पूर्ण १८० भन्दा बढी आयोजनाबाट लाभान्वित किसानहरुमध्ये प्रतिनिधित्वको रुपमा ३६ घरपरिवारलाई मात्र छानिएको छ ।
- यो अध्ययन आयोजनाले लिएका उदेश्य र लक्ष्य अनुसार ग्रामीण किसानहरुको जीवनस्तरमा खासै उल्लेखनीय रुपमा परिवर्तन देखिन नसक्नुका कारण आयोजनामा के-कस्ता कमी कमजोरी देखिए भन्ने कुराको लेखाजोखा गर्न बढी केन्द्रीत गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

सावीकको राप्ती अंचलका पाँच जिल्लाहरु रुकुम, रोल्पा, सल्यान र दाङ मध्य रोल्पा जिल्ला यी पाँच जिल्लाको मध्यभागमा अवस्थीत छ । साविकको संरचना अनुसार एउटा नगरपालिका र ४९ वटा गाउ विकास समिति रहेको रोल्पामा हालै मात्र कायम गरिएको संघीय संरचना अनुसार एउटा नगरपालिका र नौ वटा गाउपालिका गरी जम्मा दस स्थानीय तह कायम गरिएको छ । मगर समुदायको बाहुल्य रहेको रोल्पामा क्षेत्री, ठकुरी, ब्राह्मण, गुरुङ लगायतका जातजातिहरुको सघन बसोबास रहेको छ । साविकको जुगार गा.वि.स. को वार्ड नं ९ मा अवस्थित जुगार (मजुवा) गाउमा रहेको यो अध्ययन क्षेत्र अहिलेको नयाँ स्थानीय तहको संरचना अनुसार त्रिवेणी गाउ पालिकामा अवस्थीत छ ।

### ४.१ भौगोलिक अवस्थिति

विश्व मानचित्रमा हेर्दा रोल्पा जिल्ला, उत्तरी गोलार्ध को २६ डिग्री २३ मिनेट देखी २६ डिग्री ४६ मिनेट उत्तरी अक्षांशमा अवस्थीत छ । मध्यपहाडी क्षेत्रमा रहेको यो जिल्लाको उत्तरमा रुकुम, पश्चिममा सल्यान, दक्षिणमा दाङ र पूर्वमा प्यूठान र बाग्लुङको केही भाग पर्दछ । ग्रीष्मकालीन समयमा मानव स्वास्थ्यको लागि अनुकुल तापक्रम हुने यो ठाउमा हिउँद मौसममा भने उत्तरी क्षेत्रका जलजला लगायतका उच्च पहाडमा भारी हिमपात हुने हुदा निकै जाडो हुने गर्छ । मुलुकको ऐतिहासिक थबाङ गाउ र जलजला पहाड प्रख्यात र प्रसिद्ध ठाउहरु हुन । राप्ती नदीका बेसिन नदीहरु माडी, लुङ्ग्री, धाङसी, चबी, चिउरागार्ड आदि यस जिल्लाका ठुला र प्रमुख नदीहरु हुन् । यीनै नदीहरु र प्यूठानको झिमरुक लगायतका साना नदीहरु मिलेर नै राप्ती नदी बनेको हो ।

जिल्लाको कुल क्षेत्रफल सालाखाला ६०१२४ हेक्टर रहेको मा यसको करिब एकतिहाई जमीन खेतीयोग्य रहेको छ भने करीब दुई तिहाई भन्दा बढी क्षेत्रफल उच्च र विकट पहाडीभेग, वनजंगल र खोलानालाले ओगटेको छ । नक्सामा हेर्दा यो जिल्ला आकारको हिसाबले झण्डै झण्डै कचौरा जस्तो (काठमाण्डौं जिल्लाको नक्सा) देखिन्छ । वि.स.२०६८ को जनगणना अनुसार २,४८,९३६ कुल जनसंख्या रहेकोमा करिब ५१.४ प्रतिशत महिला र ४८.६ प्रतिशत पुरुष रहेको आँकडा पाईन्छ । गरीबीको चपेटामा परेका

अधिकांश रोल्पालीहरु पछिल्लो दिनमा बैदेशिक रोजगारी तर्फ आकर्षित भएका छन भने बाँकी मानिस महिला, वृद्धहरु साना तथा निर्वाहमुखी कृषिप्रणालीमा आश्रीत रहेका छन ।

## ४.२. जिल्लाको नामाकरण

नेपाललाई १४ अंचल ७५ जिल्लामा विभाजन गर्ने तत्कालीन राजा श्री ५ महेन्द्रको योजना अनुसार रोल्पा जिल्लाको पनि जन्म भएको पाईन्छ । हाल सल्यान जिल्लामा रहेको दमाचौर गा.वि.स. मा एउटा **"रोल्पा"** भन्ने ऐतिहासिक सभ्यता बोकेको धार्मिक तथा सांस्कृतिक स्थल रहेको छ । सो ठाउ अहिले सल्यान जिल्लामा परेतापनि सुरुमा रोल्पा जिल्लाकै सिमानाभित्र रहेको र त्यसै स्थलको नामबाट समग्र जिल्लाको नाम रोल्पा राखिएको थियो । पछि वि.स. २०१८मा जनताहरुको भौगोलिक सुगमता, प्रशासनिक सहजतता आदिको कारण जिल्लाको पुनः सिमाङ्कन गर्दा, पूर्व क्षेत्रमा प्यूठानका केही क्षेत्रहरु रोल्पामा समेटियो भने पश्चिमका रोल्पा-दमाचौर लगायतका क्षेत्रहरुलाई सल्यानतीर राखियो । यस पुनः सिमाङ्कनको क्रममा रोल्पाको पहिचान बोकेको खास "रोल्पा" भन्ने ठाउँ सल्यानको सिमाभित्र परेतापनि जिल्लाको नाम भने साविककै रोल्पालाई चलनचल्ती र प्रयोगमा ल्याइएको पाईन्छ ।

## ४.३ धर्म तथा रहन सहन

रोल्पामा बहुसंख्यक मानिसहरु मगर जाती र मगर भाषी रहेतापनि दक्षिण-पश्चिम रोल्पाका जुगार लगाएत ठाउहरुमा भने क्षेत्री, ब्राह्मण, र पूर्व रोल्पातिर गुरुङ, नेवार जनजातिहरुको पनि बाक्लो उपस्थिति रहेको छ । अधिकांश मानिसहरु हिल्दु धर्माबलम्बी भएकोले दशैं, तिहार, फागु, शिवरात्री, तीज लगाएतका चाडपर्व मान्ने गर्छन भने केही मगर समुदायहरु बौद्ध धर्माबलम्बी पनि रहेका छन, जसले माघे संक्रान्तिलाई प्रमुख चाडपर्वको रुपमा मनाउछन । पछिल्ला दिनहरुमा मुलुक धर्मनिरपेक्ष राष्ट्रमा घोषणा भएर संवैधानिक व्यवस्था गरिएपछि त्यसैको आडमा रहेर पैसा र अवसरको प्रलोभनमा पार्दै जबरजस्त धर्मपरिवर्तन गराउदा क्रिस्चीयनहरुको प्रभाव बढ्दो क्रममा रहेको देखिन्छ ।

सांस्कृतिक स्थलको रुपमा हेर्दा, ऐतिहासिक स्वर्गद्धारी रोल्पाको सीमाना नजिकै पर्दछ भने स्वर्गद्धारी महाप्रभुको जन्मस्थल रुण्टीगढी, जलजलाको बाजुबराह, खुंग्रीको चतुर्भुज, जुगारको शिवगुफा, आदि प्रमुख संस्कृतिक तथा धार्मिक स्थलको रुपमा रहेका छन ।

## ४.४ जुगार गाउको परिचय

रोल्पा जिल्लाका साविकको ५१ गा.वि.स. मध्ये जुगार गा.वि.स. एउटा हो, जुन रोल्पाको सदरमुकाम लिवाङ देखी २१ कोष पश्चिम-दक्षिणमा पर्दछ । समुद्री सतह देखी झण्डै १४०० मी.को उचाईमा रहेको यो जुगार गाउ नेपालको संविधान २०७३ अनुसार स्थानीय तहको पुनर्संरचना गर्दा त्रिवेणी गाउ पालिकामा पर्दछ । करिब ४४१४० रोपणी क्षेत्रफल रहेको जुगारको आधा भन्दा केही बढी भु-भाग कृषि योग्य र मानववस्ती युक्त रहेको छ । वि.स. २०६८ को जनगणना अनुसार जुगार गा.वि.स.को कुल जनसंख्या ६८८२ रहेकोमा ३६३२ महिला र ३२५० पुरुषहरु रहेको तथ्याङ्क पाईन्छ । यो जुगार गाउमा क्षेत्री समुदायको जनसंख्या केही बढी रहेता पनि मगर र दलित जातजातिको संख्या पनि उल्लेख्य मात्रामा पाईन्छ

## ४.५ जुगार गाउको नामाङ्कन

मध्ये पहाडी क्षेत्रमा पर्ने जुगार गाउको भु-बनोट, माथितिर अग्ला पहाडी थुम्का र चुचुरा छन भने त्यसको फेदमा खेतीयोग्य समथर फाँटहरु पनि देखिन्छन । जुगार गाउको सिरानमा एउटा जावलटाकुरा नामको मध्यमस्तरीय पहाडको चुचुरो छ । जुन जावलटाकुरामा परापूर्व (प्राचीन) कालमा ‘जुगारी’ नाम गरेका ऋषि मुनि बस्थे । उनै ऋषिमुनिको तपोभूमिको रुपमा यो ठाउ रहेकोले उनै ‘जुगारी’ नामका ऋषिमुनिको नामबाट उक्त ठाउको नाम ‘जुगार’ राखिएको हो भन्ने किवदन्ती रहेको छ ।

## ४.६ आर्थिक जनजीवन

जुगारका अधिकांश मानिसहरुको अर्थोपार्जन कृषि प्रणालीमा आधारित छ । यहाँका स्थानीय बासिन्दाको जन-जीवन वा जीविकोपार्जन कृषि उत्पादन तथा पशुपालनको आर्थिक आम्दानीबाट संचालित छ । शसस्त्र द्धन्दको समयमा यहाँका केही स्थानीय मानिसहरु विद्रोही पक्षबाट विस्थापित भए, केही मानिसहरु राज्यपक्षबाट विस्थापित भए भने अधिकांश मानिसहरु द्धन्दरत पक्षको दोहोरो चेपुवामा परेर जीवनरक्षाको निम्ति रोल्पाबाटै विस्थापित हुन बाध्य भए । यसरी विस्थापित भएका अधिकांश मानिस वा किसानहरु दाङ, नेपालगंज जस्ता शहरमा आन्तरिक शरणार्थी सरह भरिया मजदुरी गरेर जीवन निर्वाह गर्न वीवस भए भने युवाहरु भारत तथा तेस्रो मुलुकमा पलायन हुन पुगे । यस क्रममा गाउमा उनीहरुको

स्वामीत्वमा रहेको खेतीयोग्य जमीनहरु कतै बाँझै रहे भने कतै विद्रोही पक्षको कब्जामा रहन पुगे । उता विस्थापित भएका किसानहरु दिनभर मजदुरी गरेर पनि आफू र आफ्नो परिवारको लालनपालन गर्न मुश्किल मा परिरहे ।

शान्ति प्रकृया मार्फत शान्ति बहाली भएपछि विस्थापित परिवारहरु पुनः गाउमा फर्कने वातावरण बन्यो । मानिसहरु त फर्किए तर घरखेत र घरायसी सम्पती छोडेर हिडेका ती किसानहरु पुनः रित्तै गाउ फर्केर खान लाउन झन- झन गाह्रो हुने अवस्था सिर्जना भयो । खेतीयोग्य जमिनहरु वर्षौसम्म बाँझै रहदा उत्पादकत्व ह्रास भै झाडीमा परिणत भएको, पशुचौपायहरु नभएको र जीविकोपार्जनको अर्को कुनै उपाय नहुदा उनीहरुको सुरुवाती दैनिकी निकै कष्टकर रह्यो । यद्यपि कहिकतै अझैपनि उस्तै छ । यसरी जीविकोपार्जनमा जटिलता थपिएका ग्रामीण किसानहरुको आयस्तर अभिवृद्धि गराई गरिबी निवारणमा टेवा पुर्‍याउने उद्देश्यले संचालित थुप्रै सरकारी तथा गैरसरकारी संघ संस्थाहरु गाउ छिरे । यसै क्रममा ग्रामीण विकास नेपाल द्धारा संचालित “ग्रामीण कृषि विकास आयोजना” ले जुगार गाउका गरिब तथा विपन्न किसानहरुलाई परम्परागत निर्वाहमुखी कृषि व्यवसायबाट व्यवसायमुखी आधुनिक कृषि प्रणालीतर्फ अभिमुखी गराई व्यवसायिक तरकारी खेती, सहकारी मार्फत कृषि फर्म, उन्नत जातका व्यवसायिक पशुपालन, नगदेवाली तर्फ आकर्षण गराई विपन्न किसानको जीवनस्तरलाई माथि उठाउन प्रयास गरिरहेको देखिन्छ ।

जुगार गाउमा रहेका करिब १८० विपन्न घरधुरीहरु पूर्णतः परम्परागत खेतीपातीमा आश्रित थिए । आफ्नो परिवारको स्वामित्वमा रहेको भिरालो पाखो जमिनमा वर्षायाममा मकै-कोदो र हिउदयाममा गँहु खेती गर्नु बाहेक अन्य विकल्पहरु रोजेका थिएनन् । प्रत्येक घर परिवारको आवश्कताहरु ३ महिना पनि पुर्‍याउन गाह्रो थियो । यसका अलावा घरमा २/४ वटा गाईगोरु, कुखुरा पालनमा मात्रै किसानहरु सिमित भएको पाईन्छ भने पाखो जमीनमा भटमास, सिमी जस्ता दलहनको खेती हुन्छ ।

ग्रामीण कृषि विकास आयोजना संचालन भएपछि यसले मुख्य रुपमा केहिहद सम्म किसानलाई कृषि चेतना दिलाएको छ । वर्षायाममा मकै र कोदो खेतीगर्ने किसानहरुले आफ्नो खेतबारीमा उन्नत र व्यवसायिक तरकारी खेतीगर्न थाले । गोलभेडा, काउली, सिमी, केराउ, भिण्डी जस्ता तरकारी जन्य खेती तथा अदुवा, बेसार, काँको, जस्ता नगदेवाली को बाह्रै महिना उत्पादन गर्दा किसानहरुको आम्दानी दशौं गुनाले वृद्धि भएको पाईन्छ ।

पशुपालनमा पनि मानिसहरुले आधुनिकीकरण गरेका छन । उन्नतजातका व्यवसायिक बाखापालन, नश्लसुधार, वंगुरपालन, व्यवसायिक रुपमा कुखुरा पालन गरेर आम्दानीलाई बढाएका छन । जुगार, लिङदुङमा तरकारी तथा फलफूलको थोक संकलन केन्द्र संचालन गरेपछि नेपालगंज, वुटवल, दाङ, धनगढीका व्यवसायीहरु सोझै किसानको घर दैलोमा पुगेर उत्पादित वस्तुहरुलाई खरिद गर्नाले स्थानीयहरुलाई बजारको समस्या पनि देखिदैन । तुलनात्मक रुपले किसानहरुको जीवनस्तरमा फेरबदल आएको छ अपितु लगानी, उद्देश्य र समयको सन्दर्भलाई हेर्दा मात्रात्मक रुपले हुनुपर्ने जति प्रतिफल प्राप्त भएको छैन ।

### ४.७ जुगार गा.वि.स.को जातिगत बनाओट

जुगार गा.वि.स को कार्यलयमा प्राप्त राष्ट्रिय जनगणना २०६८ अनुसार यस गा.वि.स. मा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरुको कुल ९४७ घर परिवार मध्ये सबैभन्दा धेरे क्षेत्रि जातिका मानिसहरु ३४८ घरधुरी छन् । जुन कुल मानिसहरुको ३६.७ प्रतिशत हो भने त्यस पछि मगर, दलित, ब्राह्मन, ठकुरी र अन्य जातजातिका मानिसहरुको  घर परिवार संख्या क्रमंस ३५.१ , ११.३, ९.८, ३.४ र ३.७ प्रतिशत रहेको छ । जुन विवरण यस प्रकार छ ।

तालिका नं १

जुगार गा.वि.स. मा वसोवास गर्ने विभिन्न जातजातिका मानिसहरुको जातिगत विवरण

| क.सं | जातजातिहरु | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ३४८ | ३६.७ |
| २ | मगर | ३३२ | ३५.१ |
| ३ | दलित | १०७ | ११.३ |
| ४ | ब्राह्मण | ९३ | ९.८ |
| ५ | ठकुरी | ३२ | ३.४ |
| ६ | अन्य | ३५ | ३.७ |
| जम्मा | | ९४७ | १०० |

*स्रोत राष्ट्रिय जनगणना २०६८ को अनुसार जुगार गा. वि. स को कार्यलयबाट प्राप्त अभिलेख*

### ४.८ जुगार गा.वि.स. मा विभिन्न पेसामा आबद्ध जातजातिका मानिसहरुको विवरण

जुगार गा.वि.स मा रहेका सबै जातजातिका  मानिसहरुको ठुलो संख्या कृषि पेशामा आवद्ध छन् भने बैदेशिक रोजगार र सरकारी सेवामा पनि आवद्ध रहेको देखिन्छ। मगर समुदायको सेना तथा प्रहरी तर्फको आकर्षण र ब्राह्मण समुदायको निजामति सेवातिरको आकर्षणले क्षेत्रि तथा अन्य जातजातिको भन्दा उनिहरुको अनुपात उच्च देखिन्छ।

तालिका नं २

जुगार गा.वि.स. मा विभिन्न पेशामा आबद्ध जातिहरुको विवरण

| पेसाा जाति | कृषि | | बैदेशिक रोजगार | | सरकारी सेवा | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | घर धुरी | प्रतिशत | घर धुरी | प्रतिशत | घर धुरी | प्रतिशत | घर धुरी | प्रतिशत |
| क्षेत्री | २३२ | २४.५ | ८१ | ८.५ | २२ | २.३ | १३ | १.४ |
| मगर | १५८ | १६.७ | १०३ | १०.८ | ३६ | ३.८ | ३५ | ३.६ |
| दलित | ७२ | ७.६ | ८ | ०.८ | २ | ०.२ | २५ | २.६ |
| ब्राह्मण | ४२ | ४.४ | २० | २१ | २६ | २.७ | ५ | ०.५ |
| ठकुरी | १७ | १.७ | ८ | ०.८ | ५. | ०.५ | २. | ०.२ |
| अन्य | २१ | २.२ | ७ | ०.७ | २ | ०.२ | ५ | ०.५ |

*स्रोत गा.वि.स.को कार्यलय  आ.व २०७१ /०७२*

### ४.९ सामाजिक सेवा तथा सुविधा

जुगार गाउमा एउटा क्याम्पस (नव नेपाल क्याम्पस), एउटा उच्च माध्यामिक विद्यालय, एउटा स्वास्थ्य चौकी, एउटा इलाका प्रहरी कार्यालय, भेटनरी, इलाका हुलाक आदि सरकारी कार्यालयहरुले स्थानीय जनतालाई सेवा पुर्याईरहेका छन । दाङको तुल्सीपुर बाट जम्मा ४७ किलोमीटरको कच्ची सडकले जुगारलाई सडक संजालसँग जोडेको छ । वि.स. २०७२ मा रोल्पालाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको हुनाले सरकारी तथ्याङ्क अनुसार जुगारमा (समग्र रोल्पामा) शत प्रतिशत मानिसहरु साक्षर छन तर ग्रामीण क्षेत्रमा थुप्रै बयोवृद्धाहरु अझै निरक्षर रहेको अवस्था स्थलगत अध्ययनको क्रममा पाईयो ।

# अध्याय पाँच

## विश्लेषण र प्रस्तुती करण

### ५.१ जुगारमा सञ्चालित ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रम

ग्रामीण कृषि विकास आयोजना जुगार रोल्पामा वि.स.२०६५ सालदेखि संचालनमा आएर गरिब, विपन्न तथा साना किसानहरुको आर्थिक अवस्था र जीवनस्तरलाई माथि उकास्ने उद्देश्य लिएर निरन्तर कामगर्दै आएको छ । आयोजना संचालन भएको करिब आठ वर्ष पुरा गर्दासम्म यस आयोजनाले के कति गरिब किसानहरुलाई आफ्नो कार्यक्रममा सहभागी गराउन सक्यो र ती किसानहरुको जीवनस्तरमा मापनयोग्य हुने गरी के कति आर्थिक क्रयशक्ति बढ्यो भन्ने कुराको जानकारी लिने अभिप्रायले स्थलगत अनुगमन गर्दा कतिपय किसानहरु अझैपनि यस कार्यक्रममा सहभागी हुन नसकेको अवस्था पाईयो । स्थापना काल २०६५ देखी आ.व.२०७२ को आषाढ मसान्तसम्म विभिन्न आमा समुह, महिला समुह, सहकारी जस्ता २० भन्दा बढी समुहहरु गठन गरी जसमा करिब १८० घरपरिवार विपन्न समुदाय -किसानहरु आवद्ध भएको देखिन्छ । जुगार गा.वि.स. मा कुल ९४७ घरधुरी रहेको आँकडा गाउविकास समितीको कार्यलयमा भेटिएकोमा करिब आधा भन्दा बढी घर परिवारहरु सामान्य निर्वाहमुखी कृषि व्यवसायमा निर्भर रहेकोले ६ महिना सम्म मात्रै पनि खाना-लाउन नपुग्ने अवस्थामा रहेको देखिन्छ । विशेषतः रोल्पालाई आधारक्षेत्र मानेर संचानल भएको १० वर्षे शसस्त्र द्धन्दबाट अतिमारमा परेका/विस्थापित भएर पुनः स्थापित भएका विपन्न परिवारलाई जीविकोपार्जनको निम्ति सहज बनाउने उद्देश्यले संचालित यस आयोजनाको कार्यक्रममा समग्र जुगार गा.वि.स.का करिब १८० अति विपन्न घरपरिवार समावेश भएको देखिन्छ । यसरी हेर्दा जुगार गा.वि.स. का अन्य धेरै किसानहरु यस आयोजनाको प्रतिफल पाउनबाट बन्चित रहेका छन ।

जुगारमा रहेका किसानहरु प्रायः कुनैपनि उच्च वर्ग वा खानदानी, धनाड्य वर्गका छैनन । गाउमा विविध कार्यबाट अर्थोपार्जन गरि आर्थिक सम्पन्नताको दिशातिर फड्को मार्न थालेका वा फड्को मारेका मानिसहरु गाउ छोडी दाङ, नेपालगंज तिरका सहरहरुमा स्थानान्तरण भै व्यापार तथा ठेकेदारी काममा संलग्न हुने र गाउमा केवल अर्थोपार्जनको उपाय नभेटेर केवल परम्परागत कृषि पेशामा आवद्ध कृषकहरुमात्रै रहेको अवस्था देखिन्छ ।

यद्यपि पछिल्लो दिनमा गाउका युवापिढीहरुलाई बैदेशिक रोजगारको लहरले छुदा केही घरपरिवारका युवाहरु भारतका विभिन्न ठाउ तथा खाडी मुलुकमा गएको अवस्था भेटिन्छ । जुगार गाउ विकास समितीका धेरै ठुलो कृषक समुदायको घरपरिवार किन अझैपनि यस आयोजनाको कार्यक्रममा सहभागी हुन सकेनन त ? भन्ने कुराको खोजी गर्दा केही विषयहरु स्पष्ट देखिन्छन ।

- आयोजनाले मुख्यगरी युद्धको क्रममा विस्थापित भएका, घरपरिवार गुमाएका र पछिल्लो चरणमा गाउमै पुनः स्थापित भएका मानिसहरुलाई विशेष प्राथमिकता दिनु ।
- यसरी द्वन्दबाट अति प्रभावित भनिएका विस्थापित मानिस वा घर परिवारलाई केन्द्रभागमा राख्दा, युद्धको वेला जेनतेन आफ्नो ज्यान जोगाएर गाउमै युद्धको पिडा सहेर बसेका धेरै घरपरिवारहरु यो कार्यक्रममा सहभागी छैनन । किनभने आयोजनाले ती मानिसहरुलाई  अपनत्वको विकास गराउन नसकेको देखिन्छ ।
- आयोजनामा निकै थोरै कर्मचारी रहनु, जसले गाउमा गएर लक्षित किसान समुदायमा आयोजना द्वारा संचालन हुने कार्यक्रम सम्बन्धि चेतना विस्तारगर्न नसक्नु ।
- आयोजनाले गरेको कामको तालुक कार्यालयबाट समयमा अनुगमन नहुनुको कारण पनि आयोजना प्रमुख र कर्मचारीलाई काममा बेवास्ता बढ्नु ।
- एउटै व्यक्ति र निर्विकल्प आयोजनाबाट सधैं भरी सम्पूर्ण काम गराउदा काममा प्रतिस्पर्धाको भावना वृद्धिहुने स्थान नहुनु, जसको परिणाम आयोजनाको कार्य सम्पादनको गतिलाई उछिन्ने अर्को वैकल्पिक कार्यक्रम नहुनु ।
- संचालन हुने/भएका कार्यक्रमहरु पनि आयोजना कर्मचारीको फुर्सद अनुसार हुनु ।
- आयोजनाको सहजीकरणबाट प्रदान गरिएको ऋण सम्झौतामा उल्लेखित उत्पादनशील कार्यमा स्थानीयले खर्च नगर्नु । जस्तै कुखुरापालन, मत्स्यपालन कार्यक्रमको प्रस्तावना पेस गरेर उक्त कार्य संचालनको लागी किसानलाई प्रदान गरिएको ऋण/अनुदान सहयोग लाई किसानले सो प्रयोजनमा लगानी नगरेर केवल लत्ताकपडा, खाद्यान्न लगाएतका फजुल काममा खर्च गर्नु ।

यी यस्ता यावत कारणहरुले गर्दा ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रम सफलरुपमा अगाडी बढन नसकेको देखिन्छ । किसानलाई आर्थिकरुपमा ऋण, अनुदान सहयोग गर्दैमा ती विपन्न किसानको उत्थान गर्नको लागी सर्वप्रथम शिक्षा र चेतनाको विस्तार गर्नुपर्ने कुराको अपरिहार्यता देखिन्छ ।

## ५.२ ऋण लगानी र असुली

ग्रामीण कृषि विकास आयोजनाले कार्यक्रममा समाहित भएका लक्षित किसानहरुलाई कृषि ऋण र अनुदान वितरण गरेको देखिन्छ । उक्त ऋण लाई कृषकले उत्पादनका क्षेत्रहरु पशुपालन, साना कुटीर उद्योग, कृषि व्यवसाय, मत्स्यपालन,वेमौसमी तरकारी तथा फलफूल खेतीमा गर्नुपर्ने सर्त राखिन्छ, यद्यपि किसानहरुको चेतना वृद्धि नहुदा र दैनिक जीविकोपार्जनको बाध्यताले गर्दा पनि उनिहरुले ल्याएको आर्थिक सहयोग सही ठाउमा उपयोग हुन नसकेका उदाहरण पनि देखिन्छन । त्यसैगरी किसानहरुलाई अनुदानको रुपमा उन्नत विउविजन, पशु(बाखा, बंगुर) उपलब्ध गराउनुको साथै आवश्यक कृषि प्राविधिक तथा विषादीहरु पनि उपलब्ध गराएको पाईन्छ ।

आयोजनाले किसानलाई उनीहरुको कृषि व्यवसायको आधुनिकरण तथा व्यवसायिकरण गर्नको लागि प्रस्तावना मागगरेर जिल्ला कृषि विकास कार्यालयको सहजीकरणमा कृषि विकास बैंक मार्फत ऋण प्रवाह गरेको देखिन्छ, जुन

ऋणलाई लक्षित समुदायले प्रस्तावना वमोजिम उत्पादनशील क्षेत्रमा लगानी गर्दा उल्लेख मुनाफा आर्जन गरेर समयावधी भित्रै ऋण फिर्ता गरेको देखिन्छ । आ.व. २०६५/०६६ देखी आ.व. २०७२/०७३ सम्म आईपुग्दा ग्रामीण कृषि विकास आयोजनाले जुगार गाउका लक्षित किसानहरुलाई रु. ८०,१०,०००लगानी गर्ने लक्ष्य निर्धारण गरेकोमा लगानी प्रगति रु.७६,१६,००० भएको देखिन्छ । जुन लक्ष्यको ९५.०८ प्रतिशत प्रगति भएको देखिन्छ । तर लगानी भएको रकम पटक पटक एउटै समुहका कृषकहरुबाट असुली गर्दै पुनः सोही कृषकलाई लगानी गर्ने, उत्पादन मूलक काममा ऋण प्रयोग नभई पुरानो ऋण तिर्ने, घरायसी खर्च गर्न नया ऋण लिने प्रवृति बढी नै देखिएको हुदा यति धेरै रकम परिचालित हुदापनि कृषक आर्थिक अवस्थामा देखिनेगरी सुधार आउन सकेको छैन । सामाजिक, सामुदायिक, तथा चेतना जागरणको लागी शैक्षिक कार्यक्रम संचालन नगरी केवल आर्थिक

कार्यक्रम मात्र संचालन गरेर विपन्न तथा गरिब किसानको जीवनस्तर तुरुन्तै माथि उठ्न सक्दैन भन्नेकुराको जानकारी यो आँकडाले दिन्छ

तालिका नं ३

आ.व.२०६५/०६६ देखी २०७२/०७३ सम्म आयोजनाले गरेको कारोबारको विवरण ।

लगानी असुली

| आ.व | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | बचत |
|---|---|---|---|---|---|
| २०६५-०६६ | ६,१०,००० | ४,४५,००० | ३,६०,००० | २,८२,००० | १८,००० |
| २०६६-०६७ | ६,५०,००० | ४,६२,००० | ४,००,००० | ४,१०,००० | २०,००० |
| २०६७-०६८ | ८,२०,००० | ४,१०,००० | ४,६०,००० | ३,८९,००० | २४,००० |
| २०६८-०६९ | ९,००,००० | ७,७६,००० | ५,१०,००० | ६,२७,००० | २५,००० |
| २०६९-०७० | ९,२५,००० | ९,७७,००० | ५,४३,००० | ५,६३,००० | २९,००० |
| २०७०-०७१ | ११,२५,००० | १३,६१,००० | ६,२७,००० | ६,३२,००० | २९,००० |
| २०७१-०७२ | १३,५०,००० | १४,२५,००० | ९,९०,००० | १०,४७,००० | ३०,००० |
| २०७२-०७३ | १६,३०,००० | १७,६०,००० | १२,१०,००० | १२,६०,००० | ३०,००० |
| जम्मा | ८०,१०,००० | ७६,१६,००० | ५१,००,००० | ५२,१०,००० | |

श्रोतः ग्रामीण कृषि विकास आयोजनाको आ.व.२०६५-०६६ देखी २०७२-०७३ सम्मको लगानी-असुली सम्बन्धि वित्तिय तथ्याङ्कमा आधारित २०७३ ।

त्यसैगरी, आयोजनाको ऋण असुली कार्यपनि क्रमशः वृद्धि हुदै गएको देखिन्छ आ.व. २०६५-०६६ देखी आ.व.२०७२-०७३ सम्म आउदा आयोजनाले कुल रु.५१,००,००० ऋण असुलीको लक्ष्य राखेकोमा असुली प्रगति रु.५२,१०,००० देखिन्छ, जुन लक्ष्यको १०२.१६ प्रतिशत हो । यसरी हेर्दा लगानी गरिएका कृषकहरुको वित्तीय क्रयशक्ति वृद्धि भएको देखिन्छ । यसरी यो तथ्याङ्कको विश्लेषण गर्दा, कृषकले ऋण लिएर उक्त ऋणले योजना अनुसार लक्षित उत्पादनशील कार्यमा लगानी गरेर, उक्त उत्पादनबाट मुनाफा आर्जन गर्दै गएर सो ऋण तिरेको भए आम किसानहरुको आर्थिक हैसियत शत प्रतिशत वृद्धि भएको मानिन्थ्यो र ती किसानहरुको आर्थिक अवस्था दयनीय नभएर सम्पन्न हुने थियो । तर वास्तविक रुपमा स्थलगत अध्ययन गर्दा यो कार्यक्रममा आवद्ध भएका साना तथा विपन्न किसानहरुको अवस्था, अन्य बाहिरका विपन्न किसानको भन्दा भिन्न देखिदैन । अतः लगानी र असुली धेरै गर्देमा गरिब किसानको उत्थान हुदैन । उनीहरुको उत्थान को निम्ति आर्थिक कार्यक्रमको साथसाथै अन्य शिक्षा, स्वास्थ्य, सीपमूलक कार्यक्रम पनि सँगसँगै लैजानुपर्छ भन्ने कुरा यो तथ्याङ्कबाट सजिलै बुझिन्छ ।

## ५.३ सामुहिक बचत संकलन

बचत संकलनको कार्यक्रम साना किसान विकास कार्यक्रम भित्रको एक अनिवार्य र अति आवश्यक कार्य हो । यो कार्यक्रमबाट कृषकलाई आफूले संकलन गरेको स-सानो मात्राको रकमबाट भैपरी आउदा समुह निर्णय गराई निश्चित ब्याजदरमा तोकिएको समयभित्र फिर्ता हुने गरी लगेर आफ्नो समस्या समाधान गर्न ठुलो मद्दत मिल्छ । तर ग्रामीण कृषि विकास आयोजना जुगार रोल्पाको संकलित बचत रकमलाई हेर्दा सन्तोष र खुशी लिने ठाउ छैन । किनभने लगानी असुली त्यति ठुलो परिणाममा हुदा बचत रकमलाई अनिवार्य गरिएको भए प्रतिव्यक्ति न्यूनतम मासिक रु.५का दरले बचत उठाउदा पनि प्रति व्यक्ति प्रतिवर्ष रु. ६०बचत रकम उठ्ने थियो र यही दरले पनि १०० जना बाट ८ वर्षमा रु.४८,०००बचत रकम उठ्नुपर्ने अनुमान गर्न सकिन्छ । तर यस आयोजनाको आँकडा अनुसार बचत संचालन प्रकृया निकै नाजुक देखिन्छ । यो बचत संकलन तथा परिचालनमा कमी रहनुको मूख्य कारणहरु, यस आयोजनाले आफ्नो कार्यक्रमलाई प्रभावकारी रुपमा कृषकहरुको नाममा लैजान नसक्नु, बचतको अनिवार्यता र महत्वको बारेमा कृषकलाई बुझाउन र चेतना दिन नसक्नु, नियमित रुपमा समुह/सहकारीको बैठक बसाल्न नसक्नु नै

हो । यदि नियमितरुपमा यस्ता नियमित कार्यक्रम संचालन भएको भए बचतरकम धेरै संकलन भएर परिचालित अवस्थामा हुने थियो ।

## ५.४ अध्ययन क्षेत्रका मानिसको जातीय बनावट

जुगार गाउमा प्रत्येक्ष अन्तरवार्ता अनुसुची भएको २५ घर परिवार मध्ये अधिकांश क्षेत्री जाती समुदायका मानिसहरु थिए । क्षेत्री लगाएत मगर, दलित, ब्राह्मण लगाएतका जाती समुदायको पनि बसोबास रहेको छ ।

तालिका नं ४

अध्ययन क्षेत्रका उत्तरदाताहरुको जातीय बनावट

| जातीहरु | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | १४ | ५६.०० |
| मगर | ५ | २०.०० |
| दलित | ३ | १२.०० |
| ब्राह्मण | २ | ८.०० |
| दसनामी | १ | ४.०० |
| जम्मा | २५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २०७३ ।

माथिको तथ्याङ्क अनुसार स्थलगत अध्ययन गरिएका पच्चीस घरधुरी मध्ये (बहुसंख्यक) १४ घरपरिवार क्षेत्री समुदायका थिए, जुन करिब ५६.०० हुन आउछ । त्यसैगरी मगर जातीको घरधुरी संख्या ५, दलितको ३, ब्राह्मणको २ र दसनामी को १ घरधुरी रहेको छ । यसर्थ जुगार गाउमा बहुसंख्यक क्षेत्री समुदायका मानिसहरु रहेपनि समाजको बनोट भने मिश्रित देखिन्छ । यद्यपि उत्तरी रोल्पाका अन्य सम्पूर्ण गाउ बस्तीहरुमा मगर समुदायको बाहुल्यता रहेको पाईन्छ ।

### ५.५ अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक अवस्था

यो अध्ययनको मुख्य उद्देश्य नै अध्ययन क्षेत्रका मानिसहरुको आर्थिक अवस्था बारेमा प्रकाश पार्नु रहेको छ । ग्रामीण कृषि विकास आयोजना संचालित जुगार गाउका छनौटमा परेका किसानहरुको आर्थिक अवस्थाको अध्ययनबाट प्राप्त जानकारीलाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.५.१ जग्गाको स्वामित्व

यस आयोजनामा आवद्ध रही छनौटमा परेका घर परिवारमा रहेको जमिनको स्वामित्व प्रति परिवार के कति छ र आयोजना लक्षित विपन्न परिवार भित्र कार्यक्रम आवद्ध किसानहरु पर्छन या पर्दैनन भनी अध्ययन गर्नको लागी नमुना छनौटमा परेका २५ घरपरिवारका व्यक्तिहरु सबै आयोजनाको लक्षित दायरा र मापदण्ड भित्र रहेको पाइयो । जस अनुसार आफ्नो स्वामित्वमा पाँच रोपणी भन्दा थोरै जमिन भएका किसानहरु को संख्या सबभन्दा धेरै थिए ।

तालिका नं ५

उत्तर दाताहरुमा जग्गाको स्वामित्व विवरण

| जग्गाको स्वामित्व | आयोजना सञ्चालन हुनु अघि | | आयोजना सञ्चालन भएपछि | |
|---|---|---|---|---|
| | घर परिवार संख्या | प्रतिशत | घर परिवार संख्या | प्रतिशत |
| ५ रोपनि भन्दा कम जग्गा हुने | १६ | ६४.० | ११ | ४४.० |
| ५ देखि १० रोपनि सम्म | ५ | २०.० | ८ | ३२.० |
| १० देखि १५ रोपनि सम्म | ४ | १६.० | ५ | २०.० |
| १५ देखि २० रोपनि सम्म | ० | ० | १ | ४.०० |
| जम्मा | २५ | १०० | २५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको आँकडा अनुसार जम्मा २५ घरपरिवार मध्ये ११ घरपरिवारसँग ५ रोपणी भन्दा कम जग्गा रहेको छ जुन अध्ययन गरिएको समुहको ४४ प्रतिशत हो । त्यसैगरी ५ देखी १० रोपणी सम्म जग्गाको स्वामित्व हुनेहरुको संख्या ८ रहेको छ, जुन ३२ प्रतिशत हुन आउछ भने १० देखी १५ रोपणी जग्गाको स्वामित्व हुनेहरु ५ घरपरिवार अर्थात २० प्रतिशत छन । त्यसैगरी १५ देखी २० रोपणी जग्गाको स्वामित्व हुने घरपरिवार को संख्या १ अर्थात ४ प्रतिशत रहेको छ भने आयोजना सञ्चालन हुनु भन्दा अघि ५ रोपनि भन्दा कम जग्गा हुनेको संख्या ६४ प्रतिशत, ५ देखि १० रोपनि सम्म जग्ग हुनेहरुको संख्या २० प्रतिशत, र त्यस भन्दा माथि जग्गा हुनेको संख्या १६ प्रतिशत मात्र रहेको थियो ।

### ५.५.२ आफ्नो कृषि उत्पादनले खान पुग्ने समय

ग्रामीण कृषि विकास आयोृजनाको कार्यक्रम संचालन भएको अध्ययन क्षेत्र जुगार गाउका किसानहरु विपन्न र कमजोर आर्थिक अवस्था भएका कारण उनीहरुलाई आफ्नो उत्पादनले बर्षैभरी खान पुग्दैन । यद्यपि पछिल्ला दिनहरुमा परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई हटाउदै आधुनिक कृषि प्रणाली  अपनाए पश्चात यो अवस्थामा केही सुधार भएको बताउछन ।

तालिका नं ६

कृषि उत्पादनले वर्षैभरी खाना पुग्ने/नपुग्ने अवस्था

| खान पुग्ने महिना | आयोजना सञ्चालन हुनु अघि | | आयोजना सञ्चालन भएपछि | |
|---|---|---|---|---|
| | घर परिवार संख्या | प्रतिशत | घर परिवार संख्या | प्रतिशत |
| १देखी ३ महिना सम्म | १२ | ४८ | ७ | २८ |
| ३ देखि ६ महिना सम्म | १० | ४० | १२ | ४८ |
| ६ देखि ९ महिना सम्म | ३ | १२ | ४ | १६ |
| ९ देखि १२ महिना सम्म | ० | ० | २ | ८ |
| जम्मा | २५ | १०० | २५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययन बाट आफनो खेतबारीको कृषि उत्पादनले एकदेखी तीन महिनासम्म मात्र खान पुग्ने परिवार संख्या ७ रहेको पाईयो जुन सर्वेक्षणको जम्मा २८ प्रतिशत हुन्छ भने तीन देखी ६ महिनासम्म खाना पुग्ने परिवारको संख्या १२ रहेको जुन ४८ प्रतिशत हुन आउछ । यसर्थ ६ महिना भन्दा कम समय मात्र खाना पुग्ने निरपेक्ष गरिब किसानको संख्या ७६ प्रतिशत अर्थात तीन चौथाई भन्दा बढी देखिन्छ । मुश्किलले १ वर्षसम्म खाना पुग्नेको संख्या अत्यन्त थोरै करिब ८ प्रतिशत मात्र देखिन्छ तर आयोजना सञ्चालन हुनुभन्दा अघि ४८ प्रतिशत मानिसलाई ३ महिना भन्दा कम समय मात्र खान पुग्थ्यो भने वर्ष दिन सम्म कसैलाइ पनि खान पुग्दैन थ्यो उनिहरुको अवस्थामा अहिले केहि सुधार आएको देखिन्छ ।

यती धेरै तीन चौथाई भन्दा बढी जनसंख्यालाई ६ महिना सम्ममात्रै खाना नपुग्नुमा जग्गा जमिन भिरालो हुनु, परम्परागत खेती प्रणालीमा आश्रित रहनु, उपयुक्त सिचाईको व्यवस्था नहुदा आकासे पानीमा भर पर्नु, भिरालो बारीमा मल तथा सतहीमाटो झरेर जानु, आदि रहेको देखिन्छ ।

### ५.५.३ पेशागत विवरण

अध्ययन क्षेत्रमा रहेका र नमुना छनौटमा परेका २५ घर परिवारको स्थायी र मुख्य पेशा नै कृषि रहेको देखिन्छ । तर आफ्नो कृषि उत्पादनले वर्षभरी खाना नपुग्ने हुदा घरपरिवारका सदस्यहरु अन्य सहायक पेशामा आवद्ध रहेका छन, जसबाट आएको आम्दानी बाँकी अपुग समयमा खाद्यान्न, लत्ता कपडाको खरिद गरेर जीविकोपार्जन गर्ने गरेका छन् । पछिल्लो समय वैदेशिक रोजगारी तर्फको आकर्षणले गर्दा छनौटमा परेका २५ घरपरिवार मध्ये ११ घरपरिवारका सदस्यहरु रोजगारको निम्ति खाडी मुलुक तथा भारतमा गएको पाईयो भने, ३ घरपरिवारका सदस्यहरु सवारी साधन (गाडी) चालक रहेको, २ घरपरिवार सिकर्मी पेशामा र १ घरपरिवार का सदस्य नेपाली सेनामा कार्यरत रहेको विवरण पाइयो ।

तालिका नं ७

कृषिको अतिरिक्त अन्य पेशामा आवद्ध घरपरिवार को विवरण

| पेसा | आयोजना सञ्चालन हुनु अघि | | आयोजना सञ्चालन भएपछि | |
|---|---|---|---|---|
| | घर परिवार संख्या | प्रतिशत | घर परिवार संख्या | प्रतिशत |
| बैदेशिक रोजगार | ३ | १२ | ११ | ४४ |
| गाडि चालक | ०० | ०० | ३ | १२ |
| सिकर्मी | १ | ४ | २ | ८ |
| प्रहरि | ० | ० | १ | ४ |
| मज्दुरी | २१ | ८४ | ८ | ३२ |
| जम्मा | २५ | १०० | २५ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७३

यसरी हेर्दा अध्ययन क्षेत्रका मानिसहरुलाई आफ्नो घरायसी उत्पादनले केवल खाना-लत्ताकपडा समेत जोहो गर्न नसक्ने अवस्थामा भएकोले अन्य वैकल्पिक पेशामा पनि सहभागी हुनुपर्ने बाध्यता देखिन्छ । जुन पेशाबाट आएको आयस्रोतले बाँकी समयको खाद्यान्न, बालबच्चाको पढाई खर्च आदिको सन्तुलन मिलाएका छन ।

**५.५.४ : ग्रामीण कृषि विकास आयोजनामा किसानको सहभागीता :**

तपाई कसरी ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रममा सहभागी हुनुभयो ? भनी सोधिएको एक मौखिक प्रश्नमा प्रायः जसो धेरै मानिसहरुले छिमेकी साथी भाईहरुको भनाई र उनीहरुसँगको सरसल्लाहमा सहभागी हुन पुगेको जवाफ दिए, जसका अनुसार आयोजनाको कार्यक्रममा आवद्ध भएमा कृषि ऋण तथा प्राविधिक सेवाको अनुदान पाइने, जसलाई उतपादन क्षेत्रमा लगानी गरेर मुनाफा गर्न सकिन्छ कि भन्ने आशासहितको उत्तर दिए, तर केही घरपरिवारका सदस्यले भने आयोजनाले अति सस्तो ब्याजदरमा ऋण दिने हुदा उक्त ऋण लिएर केही पेशा व्यवसाय संचालन गर्ने उद्देश्यले कार्यक्रममा समाहित

भएको बताए । यद्यपि आयोजनाले हामी आफ्नै विपन्न किसानको उत्थानको लागी उद्देश्यपूर्ण कार्यक्रम लिएर आएकोले उक्त कार्यक्रमलाई सफल तुल्याएर हाम्रो जीवनस्तर उकास्नको लागी कार्यक्रममा हामी सहभागी भएका हौं, यो आयोजना हाम्रै लागि संचालित छ, जसलाई सहयोग गरेर हामीले अधिकतम प्रतिफल लिन सक्नुपर्छ भन्ने आशयको उत्तर दिने उत्तरदाताहरु सायदै भेटिए । जसको सोझो अर्थ हो, आयोजनाले पनि आफ्नो लक्षित क्षेत्रका मानिसहरुमा सकारात्मक चेतनाको सन्देश प्रवाह गर्न सकेको रहनेछ ।

तालिका नं ८

उत्तरदाताहरुको ग्रा.कृ.वि. आयोजना सम्बन्धि सुचनाको स्रोत

| सुचनाको स्रोत | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| साथीहरुको सल्लाहले | १२ | ४८.०० |
| आयोजनाका कर्मचारीको सम्पर्कले | ६ | २४.०० |
| आफैं | ४ | १६.०० |
| अन्य माध्यम | ३ | १२.०० |
| जम्मा | २५ | १००.०० |

स्रोत :स्थलगत अध्ययन २०७३

### ५.५.५: आयोजनाले प्रवाह गरेको ऋण/अनुदान को प्रयोग

ग्रामीण कृषि विकास आयोजनाले समन्वय गरेर कृषकको जिविकोपार्जन सम्बन्धी कार्यक्रम संचालन गर्न कृषि विकास बैंक मार्फत ऋण प्रवाह गर्दछ । यसरी

कृषकलाई प्रवाह गरिएको ऋण/अनुदान रकम कृषकले के प्रयोजनमा खर्च गरेका छन भन्ने जिज्ञासाको उत्तर खोज्दा यस्तो प्रकारको विवरण पाइयो ।

तालिका नं ९

उत्तरदाताहरुले प्रयोग गरेको ऋण/अनुदान विवरण

| ऋण/अनुदान उपयोग गरिएको शिर्षक | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| खेतीपाती | ६ | २४.०० |
| पशुपालन(बाखा, बंगुर ) | ७ | २८.०० |
| कुखुरापालन | २ | ०८.०० |
| पुरानो ऋण तिर्न | ५ | २०.०० |
| घर निर्माण/मर्मत गर्न | ३ | १२.०० |
| विवाह/धार्मिक कार्य | २ | ०८.०० |
| जम्मा | २५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २०७३

यो आँकडा अनुसार उत्पादनशील कार्यमा लगानी गरेर उत्पादन भएका वस्तुहरुको विक्रिवितरण गरी आयस्रोत बढाउने हेतुले प्रदान गरिएको ऋण, केही मानिसहरुले विवाह, पुजा, पुरानो ऋण तिर्न, घरमर्मत तथा निर्माण आदि काममा खर्च गरेको पाइयो । यसरी अनउत्पादनशील क्षेत्रमा रकमखर्च गर्नाले उत्पादनमा टेवा दिदैन, माथिको आँकडा अनुसार झण्डै ४० प्रतिशत घरधुरीले आफूले लिएको ऋण यस्तै फजुल कार्यमा खर्च गरेको पाइयो ।

हुन त गाउमा साहु महाजनबाट ऋण लिदा ३० प्रतिशत देखी ५० प्रतिशत सम्म ब्याजतिर्न पर्ने तर आयोजनाले अति सस्तो (झण्डै आधा भन्दा पनि कम) ब्याजदरमा ऋण प्रवाह गर्ने हुदा सस्तो ब्याजदरमा ऋण लिएर महङ्गो ब्याजदरको साहुको ऋण तिर्न फजुल खर्च त होइन तर आयोजनाको उद्देश्य अनुसार यसरी लिएको ऋण उत्पादनशील क्षेत्रमा स्थायीरुपले लगानी गरेर त्यसबाट आएको मुनाफाले ऋण तिर्नु पर्ने हो । यसरी मुनाफा प्राप्त गर्दै जादा मात्रै कृषकको आयस्तर बढ्ने हो, तर जुगार गाउका किसानहरुले सम्पूर्ण रुपले कर्जा रकमलाई सहि सदुपयोग गरेको देखिदैन ।

### ५.५.६ ऋण तिर्ने स्रोतको विवरण

किसानहरुले लिएको अनुदान बाहेक कृषिऋणलाई निश्चित अवधी पछि फिर्ता गर्नुपर्छ । उत्पादनमा लगानी गर्न नसक्ने गरिब तथा विपन्न मानिसहरुलाई ऋण प्रवाहगर्दा उनीहरुले उक्त रकमलाई उत्पादनशील (खेतीपाती, पशुपंक्षी पालन, साना तथा घरेलु उद्योग ) कार्यमा लगानी गरि विस्तारै त्यसको उत्पादनबाट आउने आम्दानीबाट ऋण तिर्नुपर्ने हो । जुगार गाउमा सर्वेक्षण गरिएका केही घरपरिवारले त्यस्तै उत्पादनशील कार्यमा ऋणको प्रयोग गरेको भएतापनि केही मानिसहरुले भने त्यसो नगरेको पाइयो । उत्पादन बढाउन भनेर लिएको ऋण, पुरानो ऋण तिर्न, धार्मिक पुजा, विवाह, घर निर्माण जस्ता काममा खर्च मात्रै गर्ने, तर उत्पादनशील काममा लगानी नगर्ने हो भने गरिब किसानहरुको उन्नती कहिले होला ? यो बडो जटिल र गम्भीर विषय बनेको छ । उक्त गाउमा कृषकहरुले ऋण कसरी तिर्ने भन्ने सन्दर्भमा खुलाएको स्रोत यस्तो छ ।

तालिका नं १०

उत्तरदाताहरुको ऋण तिर्ने स्रोतहरु

| क.सं | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेतीपातीको आम्दानीबाट | ६ | २४.०० |
| २ | पशुपंक्षी विक्रीबाट | ८ | ३२.०० |
| ३ | वैदेशिक रोजगारको आम्दानीबाट | ७ | २८.०० |
| ४ | पुनः साहुबाट कर्जा लिएर | ३ | १२.०० |
| ५ | ज्याला मजदुरी गरेर | १ | ४.०० |
| | जम्मा | २५ | १००.०० |

स्रोतः स्थलगत अध्ययन २०७३

अध्ययन क्षेत्रमा रहेका छनौटमा परेका कृषकहरुको अध्ययन गर्दा, खेतीपातीको आम्दानी र पशुपंक्षी पालनबाट हुने आम्दानीबाट ऋण तिर्ने लक्ष्य बनाएका कृषकको संख्या क्रमशः २४ प्रतिशत र ३२ प्रतिशत देखियो । यसरी हेर्दा कुल ५६ प्रतिशत किसानले मात्र आफ्नो उत्पादन बढाएर ऋण फिर्ता गर्ने लक्ष्य राखेको भेटियो भने बाँकी ४४ प्रतिशत

किसानहरु भने कृषि प्रयोजनमा लिएको ऋण तिर्नको लागी वैदेशिक रोजगारी, पुनः साहुबाट कर्जा लिने, ज्याला मजदुरी गर्ने आदि काममा निर्भर रहेको देखियो । यसले के पुष्टि गर्दछ भने, कृषि उत्पादन बढाउन कृषि क्षेत्रमा लगानी गर्ने भनेर लिएको कृषि ऋण, सो प्रयोजनमा लगानी नभई अन्य अनउत्पादनशील कार्यमा खर्च भएको छ ।

### ५.६ आयोजनाका कमी कमजोरीहरु

नेपालमा विगत लामो समयमा संचालन भएको शसस्त्र युद्धको मारमा सिङ्गो नेपाल परेपनि रोल्पा र यसका ग्रामीण भेगका आम मानिसहरुले भोगेको द्धन्दको पिडा निकै गुणा बढी रह्यो । मूलतः द्धन्दरत पक्ष र राज्यपक्षको दोहोरो चेपुवामा परेका आम मानिसहरु निकै अप्ठ्यारोमा बाँच्नुपर्‍यो । कैयौं घरपरिवारले दुवैपक्षबाट आफ्ना सन्तान गुमाउनु पर्‍यो, कैयौंले घरवास छोडेर शरणार्थी जसरी पलायन हुनुपर्‍यो भने थुप्रै मानिसहरु कुन बेला कुनपक्षको गोली-दमन खपेर मर्नुपर्ने हो, उक्त भयावह घटनालाई कुरेर बसिरहनुपर्‍यो । रोल्पामा मात्रै करिब ९०० भन्दा बढी मानिसहरु द्धन्दको क्रममा मारिए । द्धन्दको सकारात्मक र नकारात्मक पक्ष राजनीतिको जोड घटाउ गर्नेहरुले गरेका होलान तर द्धन्द खपेर बाँचेका आम सर्वसाधारणहरुलाई द्धन्दले भारी चोट दिएर गयो, कतिलाई विस्थापित गरायो, कतिलाई टुहुरो बनायो । यसरी जीवनशैलीलाई धरायसी बनाएर गएको द्धन्दको औपचारिक बिसानी भएपछि कैयौं संघ/संस्थाहरु सहयोगको नाममा गाउ छिरे,कार्यक्रम चलाए तर आम नागरिकको जीवनशैली खासै परिवर्तन हुन सकेन । यस सन्दर्भमा ग्रा.कृ.वि. आयोजना जुगार गाउमा संचालन भै रहेको समयमा गरिएको स्थलगत अध्ययनको क्रममा देखिएका केही कमजोरीहरु यसप्रकार छन ।

- आयोजनाले आफ्नो लक्ष्य र कार्यतालिका अनुसार कार्यक्रम संचालन गर्न नसक्नु ।
- आयोजनामा सिमित कर्मचारी हुनु ।
- दक्ष प्राविधिक तथा कृषि विशेषज्ञको अभाव हुदा कृषकको खेतीपातीमा समस्या पर्दा उपयुक्त निदान दिन नसक्नु ।
- आयोजनाका कर्मचारीहरुको मनोस्थिति सेवक जस्तो नहुनाले केवल समय बिताउने, तलबभत्ता पकाउने र पैसा कमाउने मनोवृती हुनु, जसको कारण आफ्नो जिम्मेवारी बाट पंछिएर बस्नु ।

- किसानको सहयोगमा र कार्यक्रमको नाममा आएको बजेटको ठुलो हिस्सा बिचमै आयोजना संचालकहरुले बाँडीचुडी खानु र लक्षित जनताको घरमा भने त्यो सहयोग पुग्न नसक्नु ।
- लक्षित किसानहरुलाई आयोजना प्रति अपनत्वको आभास दिलाउन नसक्नु ।
- आयोजनाले प्रवाह गरेका सेवाहरुलाई किसानहरुले प्रयोग गर्न नसक्नु ।
- आयोजनाका गोष्ठी,सेमिनारहरुमा प्रस्तुत कार्यक्रम अनुसार प्रगति विवरण निकै उच्च देखिनु, तर वास्तविक किसानको जन जीवनमा भने खास परिवर्तन नहुनु ।
- आयोजनाको काम कार्वाहीहरु तालुक निकायबाट अनुगमन नहुनु ।

**५.७ किसानका कमजोरीहरु**

ग्रामीण कृषि विकास आयोजनाले प्रवाह गरेको सेवामा पुग्न निकै लामो समय लाग्ने गरेको र कार्यक्रममा सहभागी किसानहरुले आफ्नो लागी आफै गर्ने आधारभूत कामहरु पनि अभिरुचि पूर्वक गरेको पाइदैन । किसानहरुले प्राप्त गरेको ऋण तथा अनुदान सहयोगलाई लक्षित उत्पादनमूलक क्षेत्रमा लगानी गर्न नसक्नु, उत्पादनमूलक कामको लागी भनेर प्रदान गरिएको सहयोग फजुल खर्चमा सिद्ध्याउनु, आयोजनाले ल्याएको कार्यक्रम हाम्रैलागि हो जसको अधिकतम सदुपयोग गरेर हामीले आफ्नो आयस्तर माथि उकास्नु पर्छ भन्ने चेतना नहुनु नै ग्रामीण किसानहरुको ठुलो कमजोरी पाईन्छ । किसानहरुले आयोजना प्रति अपनत्व नलिनु, आयोजनाका कर्मचारी वा प्राविधिकले दिएको सल्लाह-सुझाव र सहयोगलाई आफ्नो जीवनस्तर उकास्ने अस्त्रको रुपमा बुझ्न नसक्नु, यिनीहरु आफ्नो जागिर खान आएका हुन, जे सुकै गाऊन भन्ने संकीर्न मानसिकता ब्याप्त हुनु , जस्ता कमजोरीहरु किसानहरुमा पाईन्छ ।

५.८ केही जानिफकारसँगको कुराकानी

वैयक्तिक विवरण (Caste Study)

वैयक्तिक कथन १

जुगार गा.वि.स. वार्ड नं ९ का ४४ वर्षीय जुद्ध बहादुर खड्काको ५ जना को परिवार रहेको छ । दश वर्षे शसस्त्र द्धन्दको बेला राज्य पक्ष र विद्रोही पक्षको चपुवामा परेर

शारिरीक तथा मानसिक यातना पाउनु भएका उहाँ गाउमा बस्न नसकेर भारत पलायन हुनुभयो । वृहत शान्ति समझौता पछि गाउमा फर्केर खेती किसान गर्न थाल्नु भएका नीज जुद्ध बहादुर खड्का वि.स. २०६६ देखी ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रममा सहभागी भएर रु.४२००० ऋण लिनुभयो, जसको लगानीले बाख्रा पालन गर्न थाल्नुभयो । पहाडमा ४ रोपणी जति बारी तथा २ रोपणी जति खेत भएको र उक्त उत्पादनले ६/७ महिना मात्र खाना पुग्ने गरेको र बाँकी समयमा मजदुरी गरेर परिवारको गर्जो टार्ने गरेको बताउनुभयो ।

तपाई सहभागी भएको ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रम प्रति तपाईको केही भन्नु छ की भनेर सोध्दा उहाँ भन्नुहुन्छ -"खै के भन्नु र ! अयोजनाले हामीलाई के नै गरेके छ र ! सानोतिनो ऋण चाहिदा गाउको साहुको भन्दा अलिक सस्तो ब्याजदरमा ऋण दियो, त्यो बाहेक अन्य कुनै सुविधा दिएको छैन । आयोजनाका कर्मचारीहरु त हाम्रो सेवामा भन्दा पनि आफ्नो जागीर पकाउन त आएका होलान नि ! पहिलेको र अहिलेको हाम्रो खाने लाउने कुरामा खासै फरक आएको छैन ।"

वैयक्तिक कथन २

जुगार गाउको मजुवा टोलमा बस्ने ५३ वर्षीय सीताराम पुन आफ्नो ५ रोपणी जमिनमा तरकारी खेती गर्दै आउनु भएको छ । २ छोरा, २ छोरी र श्रीमान श्रीमती गरी ६जनाको परिवार रहेको उहाँको परिवारलाई सुरुमा आफ्नो उत्पादनले खाना पुग्दैनथ्यो । आयोजनाको प्रभावले तरकारी खेतीतर्फ लाग्नुभएका उहाँको परिवारलाई अचेल खाना र लाउन भने मुश्किलले पुग्ने गरेको नीज पुनले कुराकानीको क्रममा बताउनुभयो ।

ग्रामीण कृषि विकास आयोजनाले तपाईलाई के कस्तो कुरामा सहयोग गरेको छ भन्ने जिज्ञासामा उहाँ भन्नुहुन्छ - "सुरु -सुरुमा कार्यक्रम संचालन हुदाको बेलामा त बेला-बेलामा मानिस (आयोजनाका कर्मचारी) हरु आईरहन्थे, सुख-दुख, खानालाउन, आदिको बारेमा सोधखबर गर्थे । सस्तो ब्याजदरमा ३०,००० ऋण पनि दिलाए, कृषि तालिम दिलाए फलस्वरुप हामीहरुले पुरानो खेती प्रणाली छोडेर तरकारी तथा नगदेवाली लगाउन थाल्यौं, जसको कारण पहिले हामीलाई खाना लाउन पुग्दैनथ्यो, ढ्यारी मजदुरी गरेर जीवन निर्वाह

गर्थ्यौ तर अहिले जेनतेन खाना लाउनको समस्या भने छैन । आजभोली आयोजनाका मानिसहरु गाउँमा देखिदैनन । ४/६ महिनामा एकचोटी आएर फारम भराउछन, जान्छन । त्यत्ति हो ।"

वैयक्तिक कथन ३

जुगार गाउको वार्ड नं.९ कालेपानी बस्ने ३९ वर्षीय दुर्गा प्रसाद परियार पेशाले सुचीकार हुनुहुन्छ । ३ रोपणी पाखो बारीमा खेतीपाती गर्नु भएका उहाँको घरपरिवारमा ८ जना हुनुहुन्छ । आयोजनाबाट केही वर्ष पहिले कृषि ऋण लिएर बंगुर पालन गर्न थाल्नुभएका उहाँले केही वर्षयता आयोजनाका कर्मचारी / प्राविधिकहरुलाई सल्लाह सुझाव माग्नको लागी पटक-पटक बोलाउदा पनि गाउमा नआएको गुनासो गर्नुहुन्छ ।

आयोजनाका मानिसहरुले के-कसरी सहयोग गरे/गर्छन ? भन्ने प्रश्नमा उहाँले छोटो जवाफ दिनुभयो, "के सहयोग गर्थे, आफ्नो जागिर पकाएकै छन । हामी गरिब किसानको सहयोगको लागि भनेर डोनरले दिने सहयोग पनि किर्ते कागज बनाएर सबै आफैं खान्छन । बरु कहिले काही गाऊ आउदा हाम्रा सोझा छोरी चेलीहरुलाई बर्बाद पार्छन ।"

उपरोक्त वैयक्तिक अध्ययनको आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने ग्रा.कृ. वि. आयोजनाले उद्देश्य र लक्ष्य अनुरुप किसान लक्षित कार्यक्रम संचालन गरेर ती विपन्न किसानहरुको जीवनस्तर उकास्न असफल रह्यो । बरु आयोजनाका कर्मचारीहरुमा आफ्नो जिम्मेवारी बोध नहुनुतथा सांस्कृतिक विचलन आउनु जस्ता घटना देखिन्छन । आयोजनामार्फत साना किसानले गाउको भन्दा सस्तो ब्याजदरमा ऋण लिएको देखिन्छ तर आयोजनाको उद्देश्य अनुरुप अन्य सामाजिक-आर्थिक कार्यक्रमहरु संचालन हुन नसकेको देखिन्छ । उद्देश्य अनुसार निस्वार्थी भएर आयोजनाले कार्यक्रम संचालन गर्न सकेको भए यति लामो समय वितीसक्दासम्म जुगार गाउका लक्षित अधिकांश कृषकको जीवनपद्धतीमा गुणात्मक सुधार आउनु पर्ने थियो, भलै त्यस्तो दृश्य अध्ययनको क्रममा त्याहाँ देखिएन ।

## ५.९ आयोजनाका राम्रा र नराम्रा प्रभावहरु

### क) राम्रा प्रभावहरु

ग्रामिण कृषि विकास  आयोजनाले विपन्न किसानहरुको आर्थिक उत्थान गर्ने सन्दर्भमा किसानको हित हुने गरि केहि राम्रा प्रभाव पारेको छ । जस्तै गरिव किसानहरुले गाँउका साहु महाजन सँग वार्षिक ३६ प्रतिशत भन्दा महँगो व्याजदरमा ऋण लिएर गुजरा चलाईरहेको अवस्थामा यो आयोजना सञ्चालन भएपछि विपन्न लक्षित कृषि ऋण ८ प्रशित व्याजदरमै प्राप्त गरेका छन् । त्यसैगरी गरिव किसानहरुलाई पशुपालनको निम्ति उन्नत जातका बाख्रा, बंगुरका पाठाहरु वितरण, नगदे वालि तथा तरकारी खेतिका लागि उन्नत विउविजन वितरण, विशादि वितरण तथा विशसज्ञ कृषि प्राविधिक सेवा उपलब्ध गराउदै आएको छ ।

### ख) नराम्रा प्रभावहरु

स्थलगत अध्ययनको क्रममा आयोजनाका  केहि नराम्रा प्रभावहरु पनि देखिए । जस्तै आयोजना सञ्चालन हुँदाका वर्षहरुमा कर्मचारीहरुको आफ्नो काम र जिम्मेवारी प्रति निकै सक्रियता रहने गरेकोमा हाल सम्म आँउदा आयोजनाको निष्क्रियता बढ्दै गएको देखिन्छ । आयोजनाको कर्मचारीहरु निकै लामो समय वितिसक्दा पनि आफ्नो कार्य क्षेत्रमा नर्फकनु, सेवा मुखी नहुनु, पैशा मुखी हुनु, अनुदानको ठुलो हिस्सा लक्षित समुह सम्म नपुग्नु, चेतना प्रवाहका कार्यक्रम सञ्चालन नगर्नु अदि कम्जोरीहरु देखिन्छ ।

# अध्याय छ

## सारांश तथा निष्कर्ष

### ६.१ सारांश

हाम्रो देश नेपालमा ग्रामीण विकास सम्बन्धि कार्यक्रमको व्यवस्थीत सुरुवात सन् १९५२ देखी भएको पाईन्छ । यसैक्रममा देशको व्यवस्थित र योजनावद्ध विकास गर्नका लागी वि.स. २०१३ सालदेखी प्रथम पंचवर्षीय योजनाको पनि पालनी भयो । वि.स. २०१७ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रको नेतृत्वमा बहुदलीय प्रजातन्त्रको अन्त्य र निर्दलीय पंचायती व्यवस्थाको सुरुवात भए पश्चात पनि आवधिक पंचवर्षीय योजनाहरुले निरन्तरता पाईरहे सँगै संस्थागत विकासमा अन्य प्रयासहरु, सामाजिक परिवर्तन, धारणापरिवर्तन जस्ता कार्यक्रमहरु पनि संचालनमा आए । यी कार्यक्रमहरु तथा योजनावद्ध विकास संचालन भएको निकै लामो समय वित्दा पनि संचालित कार्यक्रमहरुबाट ठुला, मध्यम तथा पहुँचवाला व्यक्तिहरुले मात्र बढी लाभ लिए तर निम्नवर्गीय साना तथा विपन्न किसानहरुको जनजीवनमा खासै परिवर्तन आएन, फलस्वरुप आवधिक योजनाहरुले लिएको गरिबी निवारणको लक्ष्यमा खास प्रगति हुन सकेन । निरपेक्ष गरिबीको रेखामुनि रहेका मानिसहरुको संख्या दिनप्रतिदिन घट्नुको साटो बढ्दै गयो । सन् १९७० को दशकको मध्यतिर विश्वमा गरिबी र भोकमरीको समस्या यति धेरै तथा डरलाग्दो किसिमले बढ्यो कि यो समस्याले संसारमा योजनाकारहरुलाई सामाजिक विकास र गरिबी निवारणका लागि नयाँ तरिकाले केही सोच्नुपर्छ र सुधारकके लागी केही काम गर्नुपर्छ भन्ने भावनाको विकास गरायो । यसैको पहलस्वरुप विकास प्रकृयामा ग्रामीण साना तथा विपन्न किसानहरुलाई सहभागी गराई उपयुक्त र प्रभावकारी संयन्त्रको विकास गर्ने खोजको लागी अनुरोध गर्‍यो । फलस्वरुप सन् ७०को दशकको अवधीमा नेपाल, भारत, बंगलादेश, श्रीलंका, थाइल्याण्ड, फिलिपिन्स, इन्डोनेसिया, कोरिया समेत ८ देशका विभिन्न स्थान र क्षेत्रहरुमा तत् सम्बन्धि विषयमा वृहत कार्यशालाहरु आयोजना गरियो । उक्त कार्यशालाले साना तथा विपन्न किसानहरुलाई प्रत्येक्ष फाइदा पुग्ने चालु कार्यक्रमहरुलाई विशेष क्षेत्रहरुमा एकिकृत गर्ने, विकासमा किसानलाई सक्रियपूर्वक सहभागी गराउने, स्थलगत कार्ययोजना देखाउने, क्षेत्रीय सहसम्बन्ध र संभाव्यता बारे अध्ययन अनुसंधान गर्ने जस्ता सुझाव दियो ।

यिनै योजना मुताविक नेपालमा पनि सन् १९७४ जनवरी ४ देखी १४ सम्म 'साना किसान का लागी विकास समर्थन' सम्बन्धि कार्यशाला सम्पन्न भयो । उक्त कार्यशाला गोष्ठी, सेमिनार हुदै गरिब लक्षित कार्यक्रमहरु नेपालमा पनि संचालन गरिए । तरपनि हाम्रो देश नेपालका लक्षित क्षेत्रका गरिब तथा विपन्न किसानहरुको जीवनस्तर निकै दयनीय अवस्थामा विद्यमान छ । २१औं शताब्दीको पहिलो डेढ दशक सम्म आईपुग्दा विश्वमानचित्रका कैंयौ विकाससील देशहरुले अन्तरिक्षयात्राको होडवाजीगर्दै अन्तरिक्षमा मानववस्ती बसाल्न सकिने या नसकिने अध्ययन, अनुसन्धान र प्रविधीको विकास गर्देगर्दा हाम्रो देशमा अझैपनि निकै ठुलो जनहिस्सा आधारभूत आवश्यकताको परिपूर्ति समेत गर्न नसक्ने निरपेक्ष गरिबीको रेखामुनि रहेको विधमान अवस्था छ । सामाजिक, सांस्कृतिक तथा धार्मिक विविधतायुक्त नेपाली समाजमा अझैपनि निकैठुलो जनहिस्सा ( झण्डै ८० ५ भन्दामाथि ) कृषि पेशामा आश्रीत छ , अपितु बहुसंख्यक कृषकहरु निर्वाहमुखी कृषि प्रणालीमा सिमित हुँदा ब्यवसायिक कृषिप्रणाली र यसको आधुनिकीकरण अझै विस्तार हुन सकेको छैन । परिणाम स्वरुप नेपालमा वर्षेनी करोडौ डलरको कृषीजन्य सामाग्री (खाद्यान्न, दलहन, तेलहन, तरकारी) आयत गर्नुपर्दा वर्षेनी वजेटघाटा बढ्दै गएको छ भने ग्रामीणक्षेत्रका अधिकांश जनसमुदायहरु वर्षेनी भोकमरीको चपेटामा पर्ने गर्छन ।

माथि उल्लेखित तस्वीरसँग मूलतः पश्चिमनेपाल अन्तरगत सुदुरपश्चिम र मध्यपश्चिम क्षेत्रका राप्ती, भेरी, कर्णाली, सेती र महाकाली अंचलका पहाडी जिल्लाहरुले ठ्याक्कै मेल खान्छन । सुदुरपश्चिम र कर्णाली क्षेत्रका पहाडी बस्तीहरुमा अन्धविश्वासको जड स्वरुप अझैपनि छाउपडी प्रथा जस्तो सामाजिक कुप्रथा विद्यमान छ भने आर्थिक उत्पादनका आधारहरु पहिचान हुन नसक्दा तथा राज्यले पूर्वाधारनिर्माण र रोजगारीको सिर्जना गर्नतर्फ यथेष्ट योजना तर्जुमा गर्न नसक्नु अनि भएका कागजीयोजनाहरु पनि कार्यान्वयनमा ल्याउन नसक्नुले निकैठुलो तप्का विकासको प्रतिफलपाउनबाट वञ्चित भएका छन् । विकासले चेतना र सम्वृद्दिलाई संगसंगै ल्याउने तर त्यस्तो विकासबाट पश्चिम नेपाल वञ्चित भएकोले अधिकांश क्षेत्रहरु रोग भोग, अशिक्षा आदिको शिकार भएका छन् । राज्यस्रोतको समानुपातिक वितरण हुन नसक्नु, सिंहदरबारको नजर दुरदराजसम्म पुग्न नसक्नु र चरम राजनीतिक बेथितीले गर्दा मध्यपश्चिम तथा सुदुरपश्चिम क्षेत्रका मानववस्तीहरु क्षेत्रीय उत्पीडनमा परेका छन् ।

राज्यको सवै नजरले ठगिएको, हेपिएको यो क्षेत्र झनै २०५२ देखी २०६२/०६३ सम्म चलेको शसस्त्र युद्धको चपेटामा नराम्ररी चपेटियो । राज्यको पहुँच विस्तार नहुनु, जनस्तर तथा चेतना विस्तार नहुनु तथा यिनै उत्पीडनबाट शिकार भएको जनमानसमा राज्य विरुद्ध विद्रोहको विजारोपणगर्न सजिलो हुने भएकोले तत्कालिन शसस्त्रयुद्धको बेला विद्रोही पक्षले आम जनसमुदायमा विद्रोहको विजारोपण गर्न सफल भयो पनि । परिणामतः राज्यको गिद्धेनजर झनै धारिलो रुपमा पर्ने र द्धन्द नियन्त्रणको नाममा विभिन्न अतिवादको चेपुवामा निमुखा जनसमुदायहरु परे । द्धन्दको निकै चेपुवामा परेर अझैपनि माथि उठ्न नसकेको, द्धन्दकोबेला सबैभन्दा बढी मानिसहरुको मृत्यु भएको, सबैभन्दा बढी वेपत्ता भएको तथा सबैभन्दा बढी जनधनको क्षति भएको जिल्ला हो, रोल्पा । रोल्पाका जेल्वाङ, भावाङ, थवाङ जस्ता ग्रामीण क्षेत्रहरुमा द्धन्दले कयौं परिवार उजाडिए, घर र बस्तीहरु क्षतविक्षत भए जसको प्रत्यक्षझल्को अझैपनि त्याहाँ ताजै छन् । २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन सफल भई २०६३ मंसिर ०५ गते तत्कालिन सरकार र विद्रोही पक्षबिच बृहदशान्ति सम्झौता सम्पन्न भै द्धन्द व्यवस्थापनको औपचारिक प्रयास थालिए पछि द्धन्दबाट ग्रस्त गाऊ बस्तीहरुमा विकास र चेतनाको प्रसार गर्ने तथा आम जनसमुदायको समुचित व्यवस्थामा परिवर्तन ल्याउन थुप्रै संघ संस्थाहरु क्रियाशिल हुन पुगे, क्रियाशिल छन् । यीनै संघ संस्थाहरुमध्ये एउटा प्रमुख संस्था हो,“ग्रामीण विकास नेपाल।

नेपालको राजनैतिक परिवर्तन (बहुदलीय ब्यवस्थाको अन्त्य र निर्दलीय पंचायती ब्यवस्थाको उदय) पश्चात विकास कार्यक्रम अन्तरगत तत्कालिन पंचायती ब्यवस्थाले राखेको शोषणरहित समाजको विकासगर्न को लागि देशमा संस्थागत र प्रकृयागत विकास, सामाजिक परिवर्तन र धारणा परिवर्तन जस्ता कार्यक्रमहरु संचालन गरियो । नेपालमा संचालित योजनावद्ध विकासको दुई दशक वितिसक्दासम्म यो प्रक्रियामा अधिकांश रुपमा बहुसंख्यक ग्रामिण किसानहरुको सहभागिता शुन्य प्रायः भएको, विकासको प्रतिफल केवल उच्चवर्ग र मध्यवर्गिय तप्कालेमात्र प्राप्तगर्ने गरेको देखिन्छ । परिवर्तन र विकास प्रक्रियामा समाहित हुन ग्रामिण कृषकहरुको खास त गाऊवस्ती तथा क्षेत्रहरुमा समुचित विकास र परिवर्तन ल्याउनु अति जरुरी र आवश्यक थियो किनकी द्धन्द श्रृजनाको एउटा प्रमुख र जबरजस्त कारण अविकास पनि हो । नेपालमा वि.सं २०१३ देखी चरणवद्ध विकासे योजनाहरु थालनि भएतापनि यसको समुचित फसल सबैठाउमा अझै पुग्न सकेको छैन । असमानुपातिक विकास प्रणाली तथा केन्द्रीकृत योजनाहरुले गर्दा दुर्गमभेगका अधिकांश

क्षेत्रहरु विकासको मूलप्रवाहमा समेटिन सकेनन । दुर्गम भेगका गाँउघरमा कुनै संघ संस्था र संगठन नभएको हुदा व्यक्तिगत रुपमा आम कृषक समुदायहरु विभिन्न निकायबाट उपलब्ध गराउने कुनै सेवा तथा सुविधाको सम्पर्कमा आउन सकेनन । यद्यपि अहिलेको समयसम्म आईपुग्दा तुलनात्मक रुपले केही पहुँच विस्तार भएतापनि दुर दराजका ग्रामिण वस्तीहरुमा भने अझैपनि विद्यमान छ । परिणाम स्वरुप नेपालमा निम्नवर्ग र मध्यम तथा उच्च वर्ग विचको संख्या र दुरी घट्न सकेको छैन ।

नेपालमा यो सापेक्ष गरिबीको भन्दा निरपेक्ष गरिबीको संख्या र मात्रा बढ्दै जानु निकै दुःखद तथा चुनौतिपूर्ण पक्ष हो, यद्यपी यो गरिबीको समस्या नेपालको विषयमात्र थिएन । एस.एफ.डि.पी. को सन् १९८२ को रिपोर्ट अनुसार इ.स. १९७० को दशकतिर संसारभर करिब ५५ करोड आम मानिसहरु निरपेक्ष गरिबीको रेखामुनि रहेका थिए । ती मध्ये करीब ७५ प्रतिशत भन्दा बढी मानिसहरु एसिया प्रशान्त क्षेत्र तथा अविकसित देशका ग्रामीण क्षेत्रमा गरीबीको चपेटामा पिल्सीएर बाँच्न विवश थिए । समयको चक्र पल्टदैजादा अहिले इ.स. २०१७ को संघारसम्म आइपुग्दा विश्वभर चलेका विभिन्न युद्ध, आन्दोलन, रणसंग्राम तथा शीतयुद्ध आदिको कारण गरिबदेशका गरिब मानिसहरु झनै चेपुवामा परेका छन । इजिप्टबाट सन् २०१२ देखी सुरुभएको मध्यपूर्वी क्रान्तिको लहर ट्युनिसिया, यमन हुदै लिविया, टर्की, सिरिया सम्म आइपुग्दा करोडौं मानिसहरु घरवारविहिन हुन पुगेका छन । इराक, अफगानिस्तान देशहरुमा चलेका अतिवादी आन्दोलनहरु तथा त्यसलाई अन्तराष्ट्रिय आतंकवादको संज्ञादिएर त्यसको उन्मुलनगर्ने नाउमा शक्तिराष्ट्रहरुले गरेको हमलाको शिकार भएर थुप्रै नागरिकहरु गरिबीको रेखामुनि तानिए । हाम्रो देश नेपालमा पनि विगत दशवर्ष सम्म चलेको शसस्त्र युद्धको कारण थुप्रै मानिसहरु विस्थापित, घरवार विहिन हुनुपर्‍यो । यी यावत मानवीयकारण सँगसँगै विश्वमा घटेका सुनामी, भुकम्प, आँधी आदि प्राकृतिक प्रकोपलेपनि करोडौं मानिसहरुलाई घर देखि सडकसम्म ल्याईपुर्‍याउदा गरिबहरुको संख्या कम भएको आँकलन गर्न सकिदैन ।

व्यवस्था परिवर्तनको नाममा देशमा संचालन भएका विभिन्न आन्दोलन, द्वन्द, युद्धआदि सबै गरिबीले निम्त्याएका परिणाम हुन । पहिलो योजना देखी चौधौ योजना संचालन भै रहदासम्म अधिकांश योजनाहरुको मुल नारा “गरिबी निवारण” नै रह्यो तथापि गरिबीको संख्या अझैंपनि उस्तै र विकराल छ । गरिबी निवारण कै नाममा विभिन्न नामका

कार्यक्रमहरु संचालन भै रहे, थुप्रै सरकारी तथा गैर सरकारी संयत्रहरु उत्पति भए तर लक्षित क्षेत्र वर्ग समुदायमा त्यसको प्रतिफल शुन्य प्रायः देखियो । यसकै नमुना र उदाहरण मेरो अध्ययन क्षेत्र जुगारमा पनि देखियो । जुगार गाउमा रहेका कुल ९४७ घरधुरी/घरपरिवार मध्ये ग्रामीण कृषि विकास आयोजनाबाट लाभान्वित किसानहरुको घरपरिवार संख्या करिब १८० मात्रै पाइयो, जुन कुल घरसंख्याको एक चौथाई पनि होइन । जुगारका अधिकांश मानिसहरु न्यून आय स्रोत भएका, विपन्न कृषकहरु भएको तर ती किसानहरु आफ्नो गाउमा संचालित कृषि विकास कार्यक्रमसँग अनुवंछित हुन नसक्नु पक्कै पनि विडम्बनापूर्ण विषय हो । आयोजनाका कर्मचारी/प्राविधिकहरुमा सेवामैत्री भावना नहुनु, केवल जागिरे मानसिकता मात्रै कायम रहनु, कोठाभित्र बसेर योजना बनाउन अनि कार्यान्वयनको फाइल निर्माण गर्नु, लक्षित समुदायका गाउघरसम्म अध्ययन अनुगमन गर्न नसक्नु आदि गम्भीर कमजोरीहरु सृजना भएको देखिन्छ ।

ग्रामीण कृषकहरुमा गरेको ऋण लगानी तथा असुलीको तुलनामा वचत संकलन ज्यादै न्युन देखिन्छ । आ.व. २०६९/०७० देखी आ.व.२०७२/०७३ सम्म बचत अंकको स्केल स्थीर (रु.२९०००-३०००० ) रहेको देखिन्छ । यो बचत संकलन तथा परिचालनमा कमी आउनुको प्रमुख कारण ग्रामीण कृषि विकास आयोजनाले बचतको अनिवार्यता र यसको महत्व तथा माजवजीवनको दिर्घकालिन पाटोलाई पार्ने प्रभावको बारेमा ग्रामीण किसानहरुलाई बुझाउनु नै हो । किनभने "जबसम्म मानिसको चेतना तथा मानसिक दरिद्रता हटाउन सकिदैन, तब सम्म भौतिक तथा आर्थिक रुपमा जति लगानी गरेपनि यथार्तमा गरिबी हट्न सक्दैन ।" तसर्थ ग्रा.कृ.वि.आयोजनाले ग्रामीण विपन्न किसानहरुको गरिबी हटाउनको लागी सर्वप्रथमतः उनीहरुको चेतना तथा जागरणमा अभिवृद्धि गराउने खालका जनजागरण कार्यक्रम ल्याउनुपर्थ्यो, त्यो गर्न नसकेको देखिन्छ , किनभने किसानलाई खोलाबाट माछा निकालेर (माछा मारेर) दिने होईन की माछा मार्ने सिप र कला सिकाउनु पर्छ । माछा मार्ने सिप वा कला प्राप्त गरेको मानिस माछामार्न आफैं खोला, नदि, तलाऊमा र्गर मार्न थाल्छ । तसर्थ यस आयोजनाको प्रमुख कमजोरी नै मानिसहरुलाई स्वावलम्बी र जागरुक बनाउन नसक्नु नै देखिन्छ ।

अध्ययन क्षेत्रको सामाजिक अवस्थाको अध्ययन गर्दा जुगार गाउमा प्रायः क्षेत्री समुदायको बाहुल्यता झण्डै ५६ प्रतिशत रहेको देखिन्छ भने क्षेत्री बाहेक अन्य जातजाती समुदायको

घरपरिवार संख्या करिब ४४ प्रतिशत मात्रै देखिन्छ । यसर्थ पनि मिश्रीत बसोबास रहेको जुगार गाउमा कुनैपनि जातजाती वा नश्ल समुदायका मानिसहरुको जीवनस्तर उच्च खालको पाइदैन । तसर्थ समुदायिक तथा सेवाका कार्यक्रम संचालन गर्दा जातजातीको उपस्थिति हेरेर भन्दा पनि उनीहरुको सामुहिक सामाजिक जीवन पद्धती तथा वर्गलाई अध्ययन गरेर गरिनुपर्छ ।

गाउ विकास समितिको कार्यलय तथा जिल्ला शिक्षा कार्यालयको अभिलेख हेर्दा करिब एक वर्ष अघी नै रोल्पा जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गरिएको थियो, यद्यपि अध्ययन क्षेत्रमा रहेका कतिपय वयोवृद्धाहरु लेखपढ गर्न नसक्ने निरक्षर रहेको पाइयो । यसर्थ पनि, सरकारी कार्यालयले संकलन गर्ने तथ्याङ्क र गाउको भित्री यथार्तमा तालमेल नमिलेको देखिन्छ । निरक्षर जनसमुदायहरुलाई साक्षर तुल्याउनु राज्यको दायित्व भएको, जसको लागी जिल्ला शिक्षा कार्यालय मार्फत करोडौं रुपैया खर्च भएको तर यथार्तमा तिनै निरक्षर मानिसहरु साक्षर हुन नसकेको भयावह अवस्था देखिन्छ । आखिर किन यस्तो भयो ? यो अध्ययनको अर्को शिर्षक हुन सक्छ ।

त्यसैगरी अध्ययन क्षेत्रका किसानहरुको आर्थिक अवस्था अध्ययन गर्ने क्रममा किसानहरुसँग आफ्नो स्वामित्वमा निकै कम जग्गा जमिन रहेको पाइयो । आश्रित परिवार संख्या ठुलो तर जग्गाको अभाव देखिन्छ । किसानहरुले खेती किसान गर्ने, पशुचौपाय पालन गर्ने र समग्रमा उत्पादन बढाउने प्रमुख स्रोत भनेकै जमिन हो । जब आफ्नै स्वामित्वमा जग्गा जमिन यथेष्ट छैन भने कसरी उसको उत्पादन बढ्न सक्छ । अध्ययन क्षेत्रमा रहेका घरपरिवारको अध्ययन गर्दा जम्मा ७६ प्रतिशत मानिसहरुसँग आफ्नो स्वामित्वमा १० रोपणी भन्दापनि थोरै जग्गा देखिन्छ । यसर्थ यी किसानहरु न भूमिहीन सुकुम्बासी समुहमा परे न त मध्यम वर्गका किसान । यिनीहरु कम जमिन हुने, आफ्नो उत्पादनले खाना नपुग्ने विपन्न तथा निम्न वर्गमा पर्छन ।

आफ्नो उत्पादनले तीन महिनासम्म मात्रै खाना पुग्ने घरपरिवारको संख्या २८ प्रतिशत तथा छ महिनासम्म खानापुग्ने को संख्या ४८ प्रतिशत देखिन्छ । यसर्थ कुल मानिसको ७६ प्रतिशत हिस्सालाई आफ्नो बार्षिक उत्पादनले आधावर्ष सम्मपनि खाना पुग्दैन । भने ९ महिना देखी एक वर्षसम्म खाना पुग्ने घर परिवारको संख्या मात्र ८ प्रतिशत देखिन्छ । यसर्थ पनि अध्ययन क्षेत्रका अधिकांश मानिसहरु निरपेक्ष गरिबीको रेखामुनि रहेको

पाइन्छ । उतपादनको लागि आफ्नो स्वामित्वमा जग्गा जमिन अति कम हुनु, भीरालो जमिनमा वर्षाको पानीले सतही मलिलो माटो बगाएर लैजानु, खेतीपातीको लागी प्राविधिक ज्ञान नहुनु आदि मानिसहरुलाई धेरै समय खाना नपुग्ने कारणहरु देखिन्छन् ।

त्यसैगरी कुनैपनि आयोजना वा कार्यक्रमको सफलता/असफलता त्यसमा सहभागी मानिसहरुको संख्या उनीहरुको कार्यक्रमप्रतिको अपनत्व आदिमा निर्भर गर्छ । जुगार गा.वि.स.का कुल ९४७ घरधुरी मध्ये करिब १९.०० प्रतिशत मानिसहरु मात्रै कार्यक्रममा सहभागी सदस्य बनेको तर करिब ८१ प्रतिशत स्थानीय किसानहरु यसको दायरा भन्दा बाहिर रहेकोले ती बाँकी मानिसहरुलाई आयोजनाको कार्यक्रम माथि अपनत्व तथा विश्वसनीयता हुन नसक्नाले पनि यस आयोजनाको कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढ्न नसकेको देखिन्छ ।

ग्रामिण कृषि विकास आयोजनाको समन्वयबाट लिएको कृषि ऋण मध्ये उन्नत तथा आधुनिक खेतीपाती गर्ने प्रयोजनमा खर्च गर्ने २४ प्रतिशत, पशुपालन(बाख्रा पालन/बंगुर पालन) कार्यमा लगानी गर्ने २८ प्रतिशत र कुखुरा पालनमा ८ प्रतिशतले मात्र लगानी गरेको पाइयो । यसरी हेर्दा जम्मा ६० प्रतिशत किसानले मात्र सो ऋणलाई उत्पादनमुलक कार्यमा लगानी गरेको र बाँकी ४० प्रतिशत ले पुरानो ऋण तिर्न, विवाह पुजा जस्ता फजुल र अनउत्पादनशील कार्यमा खर्च गरेको देखियो । कृषि ऋणको मूलमर्म अनुसार कृषकले सो ऋणलाई प्रयोग गरेर आफ्नो उत्पादन तथा आम्दानी बढाई त्यसबाट प्राप्त मुनाफाले नै विस्तारै ऋण फिर्ता गर्दै जानु हो । तर जुगार गाउमा धेरै संख्यामा किसानहरुले सो ऋणलाई आफ्नो दैनिकी र गर्जो टार्ने काममा प्रयोग गरेको देखियो ।

किसानहरुले आयोजना मार्फत लिएको ऋण तिर्न किसानका स्रोतहरुमा खेतीपातीको आम्दानी, पशुपंक्षी पालन, जस्ता उत्पादनजन्य स्रोतबाट प्राप्त गरेको मुनाफाबाट उक्त ऋण तिर्ने किसानहरुको संख्या निकै कम पाइयो । उक्त किसानहरुको संख्या ५६ प्रतिशत देखिन्छ भने बाँकी ४४ प्रतिशत किसानहरुले उक्त ऋण पुनः कर्जा लिएर, ज्याला मजदुरी गरेर तथा वैदेशिक रोजगारबाट आएको आम्दनीले तिर्ने गरेको आँकडा देखिन्छ । हुनु के पर्थ्यो भने कृषि उत्पादन बढाउन भनेर ल्याइएको ऋणलाई त्यही उत्पादनको मुनाफाबाट शतप्रतिशत किसानले तिर्नुपर्थ्यो ।

## ६.२: निष्कर्ष

ग्रामीण कृषि विकास आयोजना जुगारको कार्यक्रमले स्थानीय किसानहरुलाई पारेको प्रभावको बारेमा गरिएको अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ ।

- ग्रामीण कृषि विकास आयोजना संचालन भएको यति लामो समयमा पनि जुगार गाउका करिब १९ प्रतिशत घरपरिवार मात्र कार्यक्रममा अनुवंदित भएका छन ।
- स्थानीय स्तरमा आयोजनाको प्रभाव झन कम परेको छ ।
- आयोजना संचालन भएको क्षेत्रका किसानको चेतनाको स्तर बढ्न सकेको छैन ।
- विपन्न र अशिक्षित किसानहरु समुहगत रुपमा संगठित भै आफ्ना आवश्यकता, आयोजनाको उद्देश्य, कार्यशैली प्रति छलफल गर्ने र समन्धित निकायमा आवाज उठाउन सक्ने अवस्थामा छैनन ।
- रोल्पालाई एकवर्ष अगाडि नै पूर्ण साक्षर जिल्ला घोषणा गरिएपनि अध्ययन क्षेत्रका केही किसानहरु अझैं निरक्षर छन ।
- अध्ययन क्षेत्रका सबै व्यक्तिहरुको मुख्य पेशा नै कृषि भएतापनि करिब तीन चौथाई( ७६प्रतिशत) किसानहरुको स्वामित्वमा आधा हेक्टर अथार्त १० रोपणी भन्दापनि थोरै जग्गा-जमिन रहेको छ । जब आफ्नो स्वामित्वमा कृषि उत्पादनको प्रमुख साधन जग्गा नै नभएपछि यो पेशालाई निरन्तरता दिन मुश्किल पर्ने देखिन्छ ।
- अध्ययन स्थलका अधिकांश मानिस/घरपरिवारलाई आफ्नो उत्पादनले खाना पुग्दैन । एकचौथाई भन्दा केही बढी (२८प्रतिशत) किसानलाई तीन महिनासम्म र झण्डै दुई चौथाई जति (४८प्रतिशत) किसानलाई छ महिना मात्र खाना पुग्ने गरेको देखिन्छ । तसर्थ ती किसानहरु आफ्नो पेशाले आत्मनिर्भर हुन सकिरहेको छैनन ।
- उत्पादन बढाउन भनेर किसानहरुले लिएको ऋणको ६० प्रतिशत हिस्सा मात्र आधुनिक कृषि प्रणाली, पशुपंक्षी पालन लगाएतका उत्पमदनमूलक कार्यमा लगानी गरिएको पाईयो ।बाँकी ४० प्रतिशत भने अनुत्पादक फजुल कार्यमा खर्च भएको पाइन्छ ।
- उत्पादनमूलक काम गरी ऋण तीर्ने किसानहरुको संख्या केवल ५६ प्रतिशत मात्रै रहेको छ । बाँकी अन्य स्रोतमा निर्भर छन ।
- बचत संकलन तथा परिचालन दुबै राम्रोसँग हुन सकेको छैन ।

- आयोजनाका प्राविधिक तथा कर्मभएको देखियो ।
- सेवा प्रदान गर्ने निकायहरुबाट सहयोग तथा अनुगमन हुने गरेको छैन ।
- स्थानीय स्रोत र सीपको उपयोग हुने कुनैकार्यक्रम संचालन हुन सकेको छैन ।
- स्थानीयहरुमा पनि आयोजना प्रति अपनत्व भएको पाईदैन ।

मथि उल्लेखित बुँदाहरुको आधारमा यो निष्कर्षमा पुग्न सकिन्छ कि, कुनैपनि कार्यक्रमको लक्ष्य र उद्देश्यहरु राम्रो बनाएर मात्रै हुदैन । कार्यान्वयन पक्ष प्रभावकारी भएन भने निर्धारित उद्देश्यहरु पुरा हुन सक्दैन । कार्यान्वयन पक्ष कमजोर भएकै कारण यति लामो समयसम्म जुगार गाउमा ग्रामीण कृषि विकास आयोजनाको कार्यक्रम संचालनमा आउदापनि स्थानीय विपन्न किसानहरुको आर्थिक अवस्थामा अपेक्षित सुधार आउन नसकेको निष्कर्ष निस्कन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, जे, (२०६७), गरिब तिर फर्कौं, सानेपा, एच.आर.डी. सेन्टर ।

कायस्थ, पुष्पमान, (२०४३), नेपालमा ग्रामीण विकास, काठमाण्डौं, जीवन प्रिन्टिङ प्रेश ।

कुँवर, कृष्ण, (२०५६), ग्रामिण वित्त बजार, काठमाडौं, मिना प्रकाशन ।

खनाल, सुदिपभद्र, (२०५७), नेपालमा ग्रामीण विकासको लागि संस्थागत कर्जा उपलब्धता, काठमाण्डौं, एकता प्रकाशन ।

खत्री, नारायण, (१९९१), नेपालको ग्रामीण विकासमा साना किसान विकास कार्यक्रमको भूमिका, थापाथली, वैंकर्ष क्लब ।

नेपाल राष्ट्र बैंक, (१९८१), बैंकहरुको लगानी कृषिक्षेत्रमा, थापाथली, बैंकर्ष क्लब ।

रा.यो.आ., (२०५६), वार्षिक अवधारणापत्र, काठमाण्डौं, योजना आयोग ।

शाह, जयसिह, (१९८८), मौरीपालनबाट ग्रामीण लघुकिसानहरुको आम्दानी वृद्धिमा प्रभाव, काठमाडौं, जनसरोकार प्रकाशन ।

ADB/N, (1986), A Decade of small farmers development programme in Nepal, Ram Shah Path

Aryal, Shibahari, (2005), social change and development, ktm, pairabi prakashan

ASARRD/UNDP, (1996), Development support for farmer, ktm, Asian Publication.

Dhakal, S, (2013), land & agrarian question, ktm, Jivan printing press.

Mydral, Gunnel,(1962), Social development, ktm, HRD.

RDN, (2007), Rural Development, Lalitpur, Himal press.

१.९ नमुना प्रश्नवली

अनुसन्धान प्रकृयालाई सहज बनाउन कृषकहरुलाई निम्न प्रश्नहरु सोधेर अन्तरवार्ता गरिने छ ।

(क) उत्तरदाताको नाम थर : ..................................................

उत्तरदाताको उमेर : ....................................................

लिङ्ग : ....................................................................

ठेगाना : ..................................................................

शैक्षिक अवस्था :.........................................................

पेशा : ......................................................

(ख) तपाईलाई आफैले उत्पादन गरेर कति समय खान पुग्छ ?

उत्तर :

.........................................................................................................

(ग) खेतीपाती गर्न तपाईको आफ्नै नाममा जग्गा छ कि छैन ? छ भने कति क्षेत्रफलको जग्गा छ ?

उत्तर :

.........................................................................................................

(घ) के-के उत्पादन गर्नु हुन्छ ?

उत्तर :

.........................................................................................................

(ङ) ग्रामिण कृषि विकास परियोजनाले तपाईलाई सहयोग गरेको छ कि छैन ?

उत्तर :

.........................................................................................................

(च) के-के कुरामा सहयोग गरेको छ ?

उत्तर

:.........................................................................................................

(छ) के यो कार्यक्रमबाट तपाई खुशी हुनुहुन्छ ? किन ?

उत्तर :

..........................................................................................................

(ज) यो आयोजना सुरु हुनु भन्दा पहिले र अहिलेको आफ्नो जीवनमा केही परिवर्तन भएको महसुस गर्नु भएको छ कि छैन ?

उत्तर :

..........................................................................................................

(ट) आयोजनाले के कति ऋण अथवा अनुदान दिएको छ ?

उत्तर

:.........................................................................................................

(ठ) उक्त रकम के के काममा खर्च गर्नु भएको छ ?

उत्तर

:.........................................................................................................

(ड) पशुपंक्षी वा पशुपालन गर्नु भएको छ कि छैन ?

उत्तर

:.........................................................................................................

(ढ) यदि छ भने उक्त पशुपालनबाट के-कति आम्दानी गर्नुहुन्छ ?

उत्तर

:.........................................................................................................

(ण) तपाईको गाउँमा सञ्चालित ग्रामीण कृषि विकास आयोजनाले तपाईलाई दिएको ऋण सहयोगलाई कसरी/कुन स्रोतबाट तिर्नुहुन्छ ?

उत्तर

:...........................................................................................................

(त) वचत संकलन गर्न तर्फ लाग्नु भएको छ कि छैन ?

उत्तर

:...........................................................................................................

(थ) उक्त आयोजना सधैँ भरी सञ्चालन भईरहनु पर्छ कि पर्दैन ? किन ?

उत्तर

:...........................................................................................................

(द) बाहिर तिर त आयोजनाले किसानलाई दिन खोलेको सहयोग सही ठाउँमा प्रयोग भएन भन्ने समचार सुनिन्छ नि, हो र ?

उत्तर

:...........................................................................................................

(ध) पहिलेको खेतीपाती गर्ने तरिका र अहिले गर्ने तरिकामा केहि फरकपन ल्याउनु भएको छ कि छैन ?

उत्तर

:...........................................................................................................

(न) यदि छ भने के के फरक गर्नु भएको छ ?

उत्तर

...........................................................................................................

(प) विउविजण कहाँ बाट ल्याउनु हुन्छ ?

उत्तर :

……………………………………………………………………………………………

(फ) कसले सहयोग गर्छ ?

उत्तर

:……………………………………………………………………………………………

(ब) आयोजनाका मानिसहरुलाई केही भन्न वा सुझाव दिन वा माग राख्न चाहनु हुन्छ ?

उत्तर :

……………………………………………………………………………………………

(भ) यदि चाहनुहुन्छ भने के-के कुरा भन्न चाहनुहुन्छ ?

उत्तर :

……………………………………………………………………………………………